

# तारागाउँ रिजेन्सी होटल्स लिमिटेड

## २५औं वार्षिक साधारण सभा

जि.पि.ओ. बक्स: ९६०९, बौद्ध, काठमाण्डौ, नेपाल
फोन: ९७७-१-४२१७१२३
फ्याक्स: ९७७-१-५१७८३७९
E-mail: info@taragaon.com
Web: www.taragaon.com

तारागाउँ रिजेन्सी होटल्स लिमिटेड
२५औं वार्षिक साधारण सभा

आ.व. २०७७/०७८
F/Y 2020-21



HYATT
REGENCY®

# विषयसूची


| क्र.सं. | शिर्षक | पृष्ठ संख्या |
|---|---|---|
| १. | २५ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना | ग |
| २. | प्रोक्सी फारम | ङ |
| ३. | सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन | १ |
| ४. | संस्थागत संरचना | १४ |
| ५. | लेखापरीक्षकको प्रतिवेदन | १५ |
| ६. | वासलात | १९ |
| ७. | नाफा नोक्सान हिसाब | २० |
| ८. | नगद प्रवाह विवरण | २१ |
| ९. | ईक्वीटीमा भएको परिवर्तनको विवरण | २२ |
| १०. | प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु | २४ |
| ११. | अनुसूचीहरु | ४२ |
| १२. | नोट | ५१ |

## सञ्चालक समिति

श्री राधेश्याम सराफ
श्री अरुण कुमार सराफ
श्री सुरेश लाल श्रेष्ठ
श्री प्रल्हाद न्यौपाने
श्रीमती कमलादेवी श्रेष्ठ
श्री उमेश सराफ
श्री राजेश लाल श्रेष्ठ
श्री वरुण सराफ
श्री जयादीन श्रेष्ठ
श्री श्रीवत्स शमशेर ज.ब.रा.
श्री मनोज प्रसाद राजभण्डारी

## कम्पनी सचिव

श्री टिकाराम बिस्ट

## अध्यक्ष

श्रीमती रानी बंग

## लेखापरीक्षक

श्री बि.के.अग्रवाल
बि.के.अग्रवाल एण्ड कम्पनी

## कानूनी सल्लाहकार

रमण कुमार कर्ण
रमण एण्ड एसोसिएट्स, लयर्स चेम्बर्स

## शेयर रजिष्ट्रार

एन आई सी एशिया क्यापिटल

## बैंकहरु

१. स्टाण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड
२. एभरेष्ट बैंक लिमिटेड
३. नेपाल एसबिआई बैंक लिमिटेड
४. नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड
५. माछापुच्छ्रे बैंक लिमिटेड
६. सानिमा बैंक लिमिटेड
७. एनएमबी बैंक लिमिटेड
८. सिद्धार्थ बैंक लिमिटेड
९.ग्लोबल आइएमई बैंक लिमिटेड
१०. बैंक अफ काठमाण्डु लिमिटेड

## रजिष्टर्ड कार्यालयः

जि.पि.ओ. बक्स नं. ९६०९, बौद्ध, काठमाण्डौं, नेपाल ।

**फोनः ०१-५१७१२३४/०१-४२१७१२३**
**Email: info@taragaon.com**
**Website: www.taragaon.com**

# २५औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको मिति २०७८ फाल्गुन २० गते (तदानुसार ०४ मार्च २०२२) शुक्रबारका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको **२५औं वार्षिक साधारण सभा** निम्नलिखित मिति, समय र स्थानमा निम्नलिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले उक्त साधारण सभामा स्वयम् वा रितपूर्वकको प्रतिनिधित्वद्वारा भर्चुअल भिडियो कन्फेरेन्स (Virtual video conference medium) माध्यमबाट उपस्थित हुनका लागि सबै शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**१. सभा हुने मिति, समय र स्थानः**

मिति : २०७८ चैत २७ गते (तदानुसार १० अप्रिल २०२२) आइतबार ।

समय : बिहान ११:०० बजे ।

स्थान : तारागाउँ रिजेन्सी होटल्स लिमिटेड, रजिष्टर्ड कार्यालय, बौद्ध, काठमाडौं ।

(भर्चुअल भिडियो कन्फेरेन्स (Virtual video conference medium) माध्यमबाट साधारण सभा हुने भएकोले साधारण सभामा अनलाईन (भर्चुअल) प्रविधि मार्फत सहभागी हुन चाहने शेयरधनी महानुभावहरुलाई Meeting को ID तथा Passcode उपलब्ध गराउने व्यवस्था गरिएको छ) ।

**२. छलफल तथा निर्णयको लागि निर्धारित विषय सूचीहरुः**

**क) सामान्य प्रस्ताव**

१) आर्थिक वर्ष २०७७।०७८ (२०२०।२०२१) को सञ्चालक समितिको २५औं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको आर्थिक वर्ष २०७७।०७८ (२०२०।२०२१) को वित्तिय विवरणहरु : वासलात, नाफा तथा नोक्सान हिसाब, नगद प्रवाह विवरण र लेखा टिप्पणीहरु स्वीकृत गर्ने ।

३) आ.व. २०७८।०७९ (२०२१।२०२२) को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) आईसिटिसी होल्डिङ्ग कम्पनी प्रा.लि. बाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक श्रीमती दिजा श्रेष्ठको स्थानमा श्री जयादिन श्रेष्ठको नियुक्तीलाई अनुमोदन गर्ने ।

५) प्रबन्ध सञ्चालक र कार्यकारी सञ्चालकको पुनः नियुक्तीलाई अनुमोदन गर्ने ।

**ख) विविध**

सञ्चालक समितिको आज्ञाले

**टिकाराम बिस्ट**

कम्पनी सचिव

**पुनश्चः**

सभामा छलफल गरिने संचालक समितिको वार्षिक प्रतिवेदन तथा लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा तथा नोक्सान हिसाव, साधारण सभा सम्बन्धि जानकारी, प्रोक्सी फाराम र प्रवेश पत्र यस कम्पनीको रजिष्टर्ड कार्यालय, बौद्ध, काठमाण्डौमा वा शेयर रजिष्ट्रार एन आई सी एसिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाण्डौमा आई निरिक्षण गर्न वा प्राप्त गर्न सकिनेछ । वार्षिक प्रतिवेदन, साधारण सभामा पेश हुने प्रस्तावहरु कम्पनीको website: www.taragaon.com बाट जानकारी प्राप्त गर्नु हुन सम्बन्धित शेयरधनीहरुमा अनुरोध छ ।

# २५औं वार्षिक साधारण सभा सम्बन्धी जानकारी

१) कम्पनीको २५ औं वार्षिक साधारण सभा भर्चुअल भिडियो कन्फेरेन्स माध्यमबाट हुने भएकोले जूम (Zoom) प्रविधिको माध्यमबाट सभामा सहभागी हुने, मन्तव्य राख्ने तथा मतदान गर्ने व्यवस्था समेत मिलाइएको व्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउदछौं ।

२) जूम (Zoom) मार्फत उपस्थित भई साधारण साभामा सहभागी हुन, मतदान गर्न तथा मन्तव्य राख्न चाहनुहुने शेयरधनी महानुभावहरुले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै आफ्नो परिचयपत्र सहित यस होटल्सले जारी गरेको शेयर प्रमाणपत्र/DEMAT खाता खोलिएको प्रमाणको स्क्यान कपि समावेश गरी कम्पनीको ईमेल ठेगाना info@taragaon.com मा ईमेल मार्फत पठाउनु पर्नेछ । यसरी प्राप्त भएका ईमेल मा अनलाइन जूम (Zoom) माध्यमबाट सभामा सहभागी हुनका लागि आवश्यक पर्ने Meeting ID र Passcode उपलब्ध गराइनेछ । अनलाइन जूम (Zoom) माध्यमबाट उपस्थित हुने शेयरधनी महानुभावहरुलाई सभा स्थलमा उपस्थित भए सरह मान्यता प्रदान गर्ने व्यवस्था गरिएको छ । सभामा आफ्नो राय सुझाव दिन चाहनुहुने महानुभावहरुले लिखित रुपमा आफ्नो राय/सुझाव माथि उल्लिखित इमेल मार्फत समेत दिन सक्ने व्यवस्था मिलाइएको छ।

३) सभा हुने दिन सभामा उपस्थिति हाजिरीको लागि विहान १०:०० बजे देखि सभा सम्पन्न नभएसम्म भिडियो कन्फेरेन्स (Zoom Meeting) खुला गरिने छ । उक्त समय भित्र सभामा सहभागी शेयरधनीहरुले दिईएको Meeting ID /Passcode को माध्यमबाट Zoom Login गरी आफ्नो परिचय, डिम्याट खाता नं. शेयर कित्ता संख्या सहित उपस्थितिको जानकारी सभालाई दिनुपर्नेछ । शेयरधनीको उपस्थितिबाट कम्पनी ऐनको व्यवस्था बमोजिम सभाका लागि आवश्यक गणपुरक संख्या पुरा भए पश्चात सभाको काम कारवाही अगाडी बढाइने छ ।

४) सभामा भाग लिनको निमित्त प्रतिनिधी नियुक्त गर्नको लागि शेयरधनी महानुभावहरुले कम्पनीको कायम अर्को शेयरधनीलाई प्रतिनिधी (प्रोक्सी) नियुक्त गरी सो प्रतिनिधी नियुक्त फारम सभा शुरु हुनु भन्दा कम्तिमा ४८ घण्टा अगाडी कम्पनीको रजिष्ट्रर्ड कार्यालय, बौद्ध, काठमाण्डौंमा दर्ता गरी सक्नु पर्नेछ । नाबालक वा अशक्त शेयरधनीको प्रतिनिधिको हकमा कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र प्रतिनिधि तोक्न सक्ने छ । प्रतिनिधी नियुक्त गरिसक्नु भएका शेयरधनी महानुभावहरु आफै सभामा उपस्थित भएमा प्रोक्सी स्वतः बदर हुनेछ ।

५) संयूक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयरधनी लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले मात्र सभामा भाग लिन सक्नेछ । तर प्रतिनिधि कायम गर्नु पर्ने अवस्थामा दुवै जनाको सर्व सहमतिबाट कम्पनीमा कायम अर्को शेयरधनीलाई सहीछाप गरि नियुक्त गरेको प्रतिनिधिले मात्र सभामा भाग लिन पाउनेछ ।

६) प्रतिनिधि नियुक्त गर्नु भएको शेयरधनीहरुको निवेदनमा भएको दस्तखत कम्पनीको शेयरको अभिलेखमा रहेको दस्तखत संग मिल्नु पर्नेछ ।

७) शेयरधनी महानुभावहरुले व्यक्त गरेको मन्तब्य वा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामुहिकरुपले वा सञ्चालक समितिका अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्तिले उत्तर दिन सक्नुहुनेछ ।

८) शेयरधनी महानुभावहरुलाई छलफलको विषय मध्ये विविध शीर्षक अन्तर्गत कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सम्बन्धित विषय खुलाई वार्षिक साधारण सभा हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगावै २०७८।१२।२० गते (तदानुसार ०३ अप्रिल २०२२) आइतबारसम्म कम्पनी सचिव मार्फत यस कम्पनीका कार्यकारी अध्यक्षज्यूका नाममा लिखित जानकारी दिनु पर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

९) मिति २०७८।१२।१२ गते देखि २०७८।१२।२७ गते (तदानुसार २६ मार्च २०२२ देखि १० अप्रिल २०२२) सम्म कम्पनीको शेयर दाखिला खारेज गर्ने कार्य बन्द रहने छ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०७८।१२।११ गते (तदानुसार २५ मार्च २०२२) शुक्रबारसम्म नियमानुसार कारोवार भई प्रचलित कानुन बमोजिम शेयर नामसारी भई कायम शेयरधनी महानुभावहरुलाई यस साधारण सभाको प्रयोजनको लागि शेयरधनी कायम गरिनेछ ।

१०) कम्पनीको वार्षिक साधारणसभाको सूचना, सञ्चालक समितिको प्रतिवेदन, वित्तिय विवरण सम्पूर्ण शेयरधनी महानुभावहरुलाई यथा समयमा पठाइनेछ । कारण वस कसैलाई उक्त प्रतिवेदनहरु प्राप्त हुन नसकेमा कम्पनीको रजिष्टर्ड कार्यालय, बौद्ध, काठमाण्डौबाट शेयरधनीको प्रमाणपत्र प्रस्तुत गरी प्राप्त गर्न सक्नु हुनेछ । २५औं वार्षिक साधारण सभाको सूचना सहितको आ.व.२०७७/०७८ को वार्षिक प्रतिवेदन यस कम्पनीको वेवसाईट www.taragaon.com मा समेत हेर्न सक्नुहुनेछ । सभामा भाग लिन र उपस्थितिको अभिलेख गर्नको लागि DEMAT खाता नम्वर वा शेयरधनी संकेत नम्वर वा शेयर प्रमाणपत्र zoom मार्फत उपलब्ध गराउनुहुन अनुरोध छ ।

११) वार्षिक साधारण सभामा मन्तव्य राख्नका निमित्त प्रतिवक्ता ३ मिनेट मात्र समय उपलब्ध हुनेछ । विशेष समय लाग्ने भएमा मनतव्य नदिई आफ्नो विचारको लिखित प्रति कम्पनी सचिवलाई उपलब्ध गराउन सकिनेछ ।

१२) शेयरधनी महानुभावहरुलाई कम्पनीको २५औं वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कम्पनीको रजिष्ट्रर्ड कार्यालय बौद्ध, काठमाण्डौंमा कार्यालय समय भित्र सम्पर्क राख्नु हुन अनुरोध छ ।

# प्रोक्सी फारम

**श्री सञ्चालक समिति,**
तारागाउँ रिजेन्सी होटल्स लिमिटेड
का.म.न.पा. ६, बौद्ध, काठमाण्डौ ।

**विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।**

महोदय,

................जिल्ला.........................महानगरपालिका/नगरपालिका/गाउँपालिका, वडा नं. .... बस्ने म/ हामी...................... ......ले त्यस कम्पनीको शेयरधनीको हैसियतले २०७८ साल चैत २७ गते (तदानुसार १० अप्रिल २०२२) आइतबारका दिन हुने २५औं वार्षिक साधारण सभामा म/हामी स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नको लागि .......... जिल्ला ........... महानगरपालिका/नगरपालिका/गाउँपालिका, वडा नं. .... बस्ने श्री ..................... शेयर प्रमाण पत्र नं./हितग्राही खाता नं. ...................... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनीत गरी पठाएको छु/छौं ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको नामः
दस्तखत नमुनाः
शेयर प्रमाणपत्र/शेयरधनी परिचय नं.:

निवेदकको दस्तखतः
नामः
ठेगानाः

| हितग्राही खाता नं. | DP ID | | | | | | | | Beneficial Owneer ID | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | |

शेयरधनी परिचय नं.
शेयर प्रमाणपत्र नं.
शेयर संख्याः
मितिः

**द्रष्टब्यः १)** यो निवेदन साधारण सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।

## तारागाउँ रिजेन्सी होटल्स लिमिटेड

(२५औं वार्षिक साधारण सभा)

## प्रवेश पत्र

हितग्राही खाता (BOID) नं.:
शेयर प्रमाणपत्र नं.
शेयर संख्याः
शेयरधनीको नामः.................................
शेयरधनीको हस्ताक्षर (सही)ः....................

**द्रष्टव्यः** १) तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको वि.सं. २०७८ साल चैत २७ गते (तदानुसार १० अप्रिल २०२२) आइतबारका दिन हुने २५औं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश पत्र ।
२) शेयरधनी महानुभावहरु आफैंले माथि उल्लेखित खाली ठाउँहरुमा सम्पूर्ण विवरण भर्नु हुन अनुरोध छ ।
३) सभा कक्षमा प्रवेश गर्न यो प्रवेश पत्र अनिवार्य रुपमा देखाउनु पर्नेछ ।

................
कम्पनी सचिव

# सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरू,**

तपाई हामी सबैद्धारा स्थापित यस तारागाउँ रिजेन्सी होटल्स लि. कम्पनीको २५औं वार्षिक साधारण सभामा यहाँहरु सबैलाई कम्पनी, संचालक समिति तथा म मेरो व्यक्तिगत तर्फबाट स्वागत गर्ने अवसर पुनः मलाई प्राप्त भएकोमा मलाई अपार हर्षानुभुती भइरहेको छ। यो सुअवसरको निमित्त भगवान श्री पशुपति नाथ प्रति हार्दिक आभार प्रकट गर्दछु। यहाँहरु समक्ष कम्पनीको २५औं वार्षिक प्रतिवेदन तथा ३१ असार २०७८ (१५ जुलाई २०२१) मा समाप्त भएको आर्थिक वर्षको लेखापरिक्षण गरिएका वित्तीय विवरणहरु प्रस्तुत गर्न पाउँदा हामी गौरवान्वीत भएका छौं।

प्रचलित कानुन बमोजिम नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards "NFRS") को मापदण्डको आधारमा वित्तीय विवरणहरु तयार गरि प्रस्तुत गरिएको छ।

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड - १९ र यसको संस्करण) को महामारीले विश्व अर्थतन्त्रलाई अत्यन्तै प्रभाव पारेको र त्यस मध्ये पनि पर्यटन क्षेत्र सबैभन्दा बढी प्रभावित भएको हुदाँ त्यसको प्रत्यक्ष असर यस होटललाई पनि परेको छ।

नेपाल सरकारले कोरोना महामारी विरुद्ध लड्न, यसको रोकथाम तथा नियन्त्रण गर्नको लागि जारी गरेको लकडाउन तथा स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गर्दै होटलले आफ्नो व्यवसाय संचालन गर्दै आएको छ।

कोभिड-१९ को दोश्रो लहरको असरले गर्दा यस आ.व. २०७७।०७८ मा समग्र पर्यटन व्यवसाय नै धरासयी हुन पुगेको र यसको असरबाट यो होटल पनि अछुतो हुन नसकेकोले होटलले आंकलन गरे बमोजिमको सन्तोषजनक व्यवसाय गर्न सकेको छैन।

विश्वले कोभिड-१९ विरुद्ध चाडै विजय प्राप्त गरी आगामी दिनहरुमा होटलको समग्र व्यवसायीक भविष्य उत्साहजनक हुने आशा गर्दै प्रतिवेदित आर्थिक वर्षमा कम्पनीले प्राप्त गरेको उपलब्धि कार्यनिति र अगामी वर्षको कार्य योजना, व्यवसायिक लक्ष्यको विस्तृत विवरण सहितको यो प्रतिवेदन प्रस्तुत गर्दछु।

## (क) विगत वर्षको कारोबारको सिंहावलोकन :

आर्थिक वर्ष २०७७।०७८ र २०७६।७७ को कारोबारको विवरण यस प्रकार रहेको छ।

(रु. करोडमा)

| विवरण | आ.व. २०७७।०७८ | आ.व. २०७६।०७७ | फरक (रकम) | फरक (प्रतिशत) |
|---|---|---|---|---|
| कोठा विक्रीबाट आम्दानी | ४.६९ | ४४.४३ | (३९.७४) | (८९.४४) |
| खाद्य तथा पेय पदार्थ विक्रीबाट आम्दानी | ८.३२ | ३७.७१ | (२९.३९) | (७७.९४) |
| कारोबारबाट आम्दानी | १३.०१ | ८२.१४ | (६९.१३) | (८४.१६) |
| अन्य आम्दानी | १४.१३ | २०.५३ | (६.४०) | (३१.१७) |
| जम्मा आम्दानी | २७.१४ | १०२.६७ | (७५.५३) | (७३.५७) |
| न्युनः संचालन खर्च | ७.८६ | ३३.१४ | (२५.२८) | (७६.२८) |
| न्युनः कर्मचारी खर्च | १०.३५ | २४.४९ | (१४.१४) | (५७.७४) |
| न्युनः प्रशासनिक खर्च | ४.०४ | ६.६९ | (२.६५) | (३९.६१) |
| न्युनः विक्री प्रवर्द्धन खर्च | १.१७ | ४.३९ | (३.२२) | (७३.३५) |
| **संचालन मुनाफा** | **३.७२** | **३३.९६** | **(३०.२४)** | **(८९.०५)** |
| न्युनः ह्रास कट्टी | ६.९२ | १३.९२ | (७) | (५०.२९) |
| न्युनः कर्मचारी बोनस | - | १.८४ | (१.८४) | (१००) |
| **कर पहिलेको खुद नाफा** | **(३.२०)** | **१८.२०** | **(२१.४०)** | **(११७.५८)** |
| न्युनः चालु कर | - | ४.१४ | (४.१४) | (१००) |
| जोडः पर सारिएको कर | ०.३१ | (२.८८) | ३.१९ | (११०.७६) |
| **खुद नाफा** | **(३.५१)** | **१६.९४** | **(२०.४५)** | **(१२०.७२)** |

गत आ.व. २०७६।०७७ को १७ जुलाई २०१९ देखि १५ जुलाई २०२० सम्मको अवधीमा मा कूल विक्री रु. १०२.६७ करोड भई नाफा रु. १६.९४ करोड भएकोमा यस आ.व. २०७७।०७८ को सोही अवधीमा कूल बिक्री रु. ७५.५३ करोडले घटेर रु २७.१४ करोड भएको र नोक्सान रु. ३.५१ करोड बेहोर्नुपरेको  व्यहोरा अवगत गराउदछौ । कोभिड-१९ र यसको संस्करण रोकथाम तथा नियन्त्रण गर्नको लागि नेपाल सरकारद्धारा घोषणा गरिएको लकडाउन र राष्ट्रिय तथा अन्तराष्ट्रिय हवाई उडानहरुमा लगाईएको प्रतिबन्दको कारण पर्यटकको आवागमन न्यून भई होटलको व्यवसाय प्राय ठप्प जस्तै भएकोले कोठा, खाद्य तथा पेय पदार्थको विक्रीमा ज्यादै कमी आई यस आ.व.२०७७।०७८ मा कम्पनीले नोक्सानी बेहोर्नु परेको जानकारी गराइन्छ । कोठा, खाद्य तथा पेय पदार्थको विक्री ज्यादै न्यून मात्रामा हुदाँ पनि संचालक समितिको कुशल रणनिति, व्यवस्थापनको कुशल व्यवस्थापनको फलस्वरुप संचालन मुनाफा रु ३.७२ करोड रहेको व्यहोरा जानकारी गराउदछौं ।

**पुरस्कार तथा सम्मानः**

नाफामुलक व्यवसायको रुपमा स्थापित एंव संचालित यस कम्पनीले व्यवसायिक नाफा मात्र आर्जन गर्ने नभई मुलुकलाई पर्यटन क्षेत्रमा सबैभन्दा बढी आयकर राजस्व बुझाई मुलुकको राजस्व लक्ष्य प्राप्तिमा उल्लेख्य योगदान पुऱ्याई राष्ट्रलाई आर्थिक रुपमा सवल बनाउनमा समेत महत्वपूर्ण योगदान पुऱ्याएको छ । आफ्नो उत्कृष्ट सेवा गरे वापत सन् २०२० मा पाएको पुरस्कार तथा सम्मानहरु निम्नानुसार छन्ः

१. GBAC STAR™FACILITY ACCREDITATION by Global Biorisk Advisory Council.

यस कम्पनीले आ.व. २०७६।७७ मा पर्यटन व्यवसायमध्ये सबै भन्दा बढी आयकर दाखिला गरेकोमा दशौं राष्ट्रिय कर दिवस-२०७८ को अवसरमा उत्कृष्ट करदाताको रुपमा पुरस्कृत एंव सम्मानित भएको छ । लगातार ४ पटक गरी जम्मा पाँचौ पटक यस क्षेत्रमा सबै भन्दा बढी कर बुझाउने कम्पनीको रुपमा राष्ट्रद्धारा सम्मानित भएकोमा यहाँहरु सबैमा हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु । कम्पनीमा कार्यरत सम्पुर्ण कामदार, कर्मचारी, व्यवस्थापक, संचालक, संचालक समिति लगायत सबै बधाई एंव धन्यवादको पात्रहरु हुनुहुन्छ । यहाँहरु सबैको विश्वासको परिणाम नै यो पुरस्कार रहेको निवेदित हुदै हर्ष विभोर भएको छु ।

**कम्पनीको गत ३ आर्थिक वर्षको अक्युपेन्सी र कोठाको औषत दर निम्नानुसार रहेको छ ।**

| विवरण | आ.व. २०७७/०७८ | आ.व. २०७६/७७ | आ.व. २०७५।०७६ |
|---|---|---|---|
| अक्यूपेन्सी (Occupancy) प्रतिशत | ५.८ % | ४१.६०% | ७०.१०% |
| कोठाको औसत दर (Average Room Rate) ARR | ८,५७६ | ११,२६२ | १२,१८८ |

यस होटलको गत वर्षको अक्यूपेन्सी ४१.६०% र औसत कोठा भाडा दर रु. ११,२६२ रहेकोमा यस आ.व.मा अक्यूपेन्सी ५.८% र औसत कोठा भाडा दर रु. ८,५७६ रहेको कुरा अवगत गराउन चाहन्छौं ।

**आर्थिक वर्ष २०७३।०७४ देखि २०७७।०७८ सम्मको यस होटलको कुल आम्दानी, खुद नाफा, क्षेत्रगत आम्दानी, अक्यूपेन्सी दर, शिर्षक अनुसार कुल खर्चको विवरण र सञ्चालन नाफाको स्थिति निम्न चित्रबाट प्रस्ट पार्न चाहान्छु ।**


















**ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो असर :**

सन् २०१९ को डिसेम्वरमा चीनको वूहानमा पहिलो पटक देखा परेको कोरोना भाइरस (कोभिड १९) बाट उत्पन्न परिस्थिती लाई विश्व स्वास्थ्य संगठनले जनवरी २०२० मा अन्तर्राष्ट्रिय सार्वजनिक स्वास्थ्य आपतकाल स्थितिको घोषणा गरेको र मार्च २०२० मा महामारीको रुपमा घोषणा गरेको थियो । कोभिड-१९ उत्पत्ति भएको केहि दिनमै विश्वभरि फैलियो । नेपालमा सन् २०२० को जनवरीमा पहिलो पटक कोरोनाको पहिलो संस्करणको पहिचान भएको थियो त्यसै गरि सन् २०२१ को अप्रिलमा कोभिड-१९ को दोश्रो संस्करणको डेल्टा भाइरस नेपालमा फैलिएको थियो । कोभिड-१९ तथा यसको संस्करणको महामारी नियन्त्रण तथा रोकथामको लागि विभिन्न मुलुकहरुले पूर्ण तथा आंशिक लकडाउनको घोषणा गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई उडानहरुमा प्रतिबन्ध लगाएको कारण पर्यटकहरुको चहलपहलमा कमी आई पर्यटनजन्य गतिविधिहरु प्रायः ठप्प भयो । समग्र विश्व अर्थतन्त्रका गतिविधिहरुमा संकुचन हुन गई विश्वको आर्थिक अवस्थामा नकारात्मक असर पर्न गयो । सवै भन्दा बढि प्रभाव पर्यटन तथा होटल क्षेत्रमा परेको कुरा सर्वविदित नै छ । IMF को World Economic Outlook January, 2022 को अद्यावधिक तथ्याङ्क अनुसार सन् २०२२ मा विश्वव्यापी आर्थिक वृद्धि ४.४% मा सिमित हुने प्रक्षेपण गरेको छ ।

विश्वमा रहेका विभिन्न मुलुकहरुले विकास गरेको कोरोनाको खोप लगाउन शुरु भए पश्चात् पनि कोभिड-१९ को बदलिदो संस्करणले आम जनजिवन नै अनिश्चित बनाएको कुरा यहाँहरुलाई सर्वविदितै छ । पूर्ण मात्राको खोप सम्पूर्ण नागरिकहरुले लगाए पछि मात्र कोरोना भाइरसको असर कम हुने, अर्थतन्त्रमा सुधार आउने, आर्थिक क्षेत्र चलयमान हुने, पर्यटकहरु निर्धक्क सँग आवतजावत गर्न सक्ने अवस्था आउने भएकोले पूर्ण मात्रा कोरोनाको खोप नलगाए सम्म होटल व्यवसायमा कुनै सुधार हुने संकेत देखिदैन ।

राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डको रुपमा पर्यटन व्यवसाय रहेको छ । उत्पादन क्षेत्रमा आत्मनिर्भर हुन नसकी आयातमुखी भइसकेको हाम्रो देशको लागि विदेशी मुद्रा आर्जन गर्ने प्रमुख एवं मुख्य श्रोतको रुपमा पर्यटन व्यवसाय र यससँग सम्बन्धित क्षेत्र रहेको छ । तथ्यांक समेतले प्रमाणित एंव स्थापित रहेको विदेशी मुद्रा भित्राउने प्रमुख श्रोत एंव क्षेत्र यस पर्यटन व्यवसायको विकासका निमित्त आवश्यक सेवा सुविधा लगायत पर्यटकहरुको इच्छा बमोजिमको सत्कार दिन हामी सक्षम रहेको भएतापनि पर्यटकिय गन्तव्यहरु पहुचका निमित्त भौतिक पुर्वाधारको अभावको कारण पर्यटकहरुको आगमनमा अपेक्षाकृत वृद्धि भएको पाइदैन । विश्वको सर्वोच्च शिखर सगरमाथा रहेको देश, विश्व सम्पदा सुचीमा सुचिकृत १० वटा विश्व सम्पदा भएको देश, १२३ वटा भाषाहरु बोलिने देश, ९१५ प्रजातिका पन्क्षीहरु पाइने देश, गौतम बुद्धको देश, प्राकृतिक कला, संस्कृति, सौन्दर्य र सम्पदाको धनी देश नेपाल पर्यटकहरुका लागि इच्छाइएको गन्तव्य बन्नको निमित्त हामी होटल व्यवसायीहरुको प्रयास मात्रले सम्भव हुन नसक्ने भएकोले यस क्षेत्रको विकासका निमित्त नेपाल सरकार, सम्बन्धित मन्त्रालय, विभाग तथा निकायको विशेष पहलको आवश्यकता छ ।

सन् २०१९ मा ११,९७,१९१ जना पर्यटकको आगमन भएकोमा सन् २०२० मा यो संख्या ९,६७,१०६ ले घटेर २,३०,०८५ मा झरेको छ जुन नेपालको पर्यटन क्षेत्रको लागि राम्रो संकेत होइन । कोरोना महामारीको कारण घट्दै गएको पर्यटक आवागमनको संख्या सन् २०२१ मा अझ घट्न गई १,५०,९६२ मा सिमित हुन पुग्यो । नेपाल आउने कुल पर्यटक मध्ये ७९.६० प्रतिशत हवाई माध्यमबाट र बाँकी २०.४० प्रतिशत अन्य यातायातको माध्यमद्धारा आउने गरेका छन् । सन् २०२० को तथ्याङ्क अनुसार सवै भन्दा वढी पर्यटकहरु आउने देशमा क्रमशः भारत, चीन, अमेरिका, वेलायत र श्रीलंका रहेका छन् । जसबाट कुल आगमनको क्रमशः १८%, ८%, ८%, ५%, र ६% पर्यटकहरुले नेपाल भ्रमण गरेका छन ।

यी पाँच देशहरुबाट आउने पर्यटकहरुको संख्या कुल आगमन संख्याको ४५% रहेको छ । नेपाल आउने पर्यटकहरुको दैनिक औसत खर्च अमेरिकी डलर ४८ बाट बढेर ६५ डलर भएता पनि घट्दै गएको पर्यटकहरुको आवागमन संख्या तथा कोरोना महामारीले गर्दा पर्यटन क्षेत्रको भविष्य के हुने हो भन्ने अन्योल कायमै रहेको छ ।

कोभिड-१९ र यसका विभिन्न संस्करणका कारण मुलुकहरुले घोषणा गरेको लकडाउन, अन्तर्राष्ट्रिय हवाई उडानहरुमा विभिन्न मुलुकहरुले लगाएको प्रतिबन्ध, उडानको संख्यामा भएको कटौती, पुर्ण क्षमतामा हवाई उडान संचालन नहुनुले पनि आगामी दिनहरुमा पर्यटन क्षेत्रमा नकारात्मक प्रभाव कायम नै रहने देखिन्छ । हाल नेपालमा एकमात्र अन्तर्राष्ट्रिय विमानस्थल भएको हुनाले निर्माणाधिन गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको काम जति सक्दो छिटो निर्माण सम्पन्न गरी चाँडो भन्दा चाँडो संचालनमा ल्याउन आवश्यक रहेको छ ।

पर्यटन क्षेत्रमा भएको स्वदेशी तथा विदेशी लगानीको परिणाम स्वरुप मुलुकमा खुलेका नयाँ नयाँ विभिन्न स्तरका होटलहरुको कारण बजार प्रतिस्पर्धात्मक भएको छ भने हजारौंको संख्यामा नेपाली नागरिकहरुले रोजगारी पाएको तथ्य सर्वविदितै रहेको भएतापनि भ्रमणका निमित्त आउने विदेशी पर्यटकहरुको मात्र भर नपरि आन्तरिक पर्यटक प्रवर्द्धन गर्न नेपाल सरकारले ध्यान दिन जरुरी देखिन्छ । यसका अतिरिक्त नेपालमा “व्यवसायिक भ्रमण” गर्ने वातावरण र भौतिक पुर्वाधारको निर्माण अपरिहार्य भएको छ । व्यवसायिक रुपमा विभिन्न अन्तर्राष्ट्रिय सभा सम्मेलनहरुको आयोजना हुन थालेमा यो व्यवसाय एंव व्यवसायी सुरक्षित हुने र मुलुकको समेत पहिचान हुने भएकोले यस तर्फ सरकारको गम्भिर ध्यानाकर्षण हुन जरुरी रहेको छ ।

भुपरिवेष्ठित राष्ट्र हाम्रो देशमा पाहुना आउने सडक मार्ग र आकाश मार्ग मात्र रहेको छ । सडक निर्माण तथा मर्मत संभारमा देखिएको सरकारी उदासिनताको कारण पर्यटकले भोग्नु परेको पिडा र असहजताको कारण आफ्नो भ्रमण अवधि छोट्याउन बाध्य भएकोले सो सम्बोधन हुनु नितान्त आवश्यक रहेकोमा कोही कसैको दुइ मत हुन नसक्ने भएतापनि राजधानीकै सडकहरुको दयनीय अवस्थाको कारण समेत पर्यटकको बसाई कम भइरहेको हामीले अनुभव गरेका छौं ।

**ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा यस प्रकार छन् :**

**● १. चालु वर्षको २०७८।०६।१४ गते सम्मको उपलब्धि :**

(रु करोडमा)

| विवरण | आ.व.२०७८ श्रावण १ देखि आश्विन १४ सम्म | आ.व.२०७७ श्रावण १ देखि आश्विन १४ सम्म | फरक (रकम) | प्रतिशत (%) |
|---|---|---|---|---|
| संचालन आम्दानी | ५.३५ | ०.०१ | ५.३४ | ५३,४००% |
| अन्य आम्दानी | ०.९२ | ०.४८ | ०.४४ | ९२% |
| **जम्मा आम्दानी** | **६.२७** | **०.४९** | **५.७८** | **१,१८०%** |
| संचालन तथा विक्रिको लागत | २.३१ | ०.२६ | २.०४ | ७५६% |
| कर्मचारी खर्च | २.४३ | ४.८५ | (२.४२) | (५०)% |
| प्रशासनिक खर्च | ४.१४ | १.३७ | २.७७ | २०२% |
| विक्री प्रवर्द्धन | ०.२८ | ०.२५ | ०.०३ | १२% |
| **संचालन मुनाफा** | **(२.८९)** | **(६.२५)** | **३.३६** | **(५४)%** |
| ह्रास कट्टी | १.६६ | १.६६ | ० | ०% |
| **आयकर तथा बोनस व्यवस्था अघिको खुद नाफा** | **(४.५५)** | **(७.९०)** | **३.३६** | **(४२)%** |

**• २ चालु वर्षको प्रमुख लक्ष्य :**

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९ र यसको संस्करण) महामारीको कारण पर्यटन जन्य गतिविधिहरुमा कमी आई होटलको व्यवसायमा नकारात्मक असर परेको कारणले यस चालु वर्षको प्रथम त्रैमासिक अवधिमा होटलको संचालन घाटा बिगतको सोहि अवधि भन्दा कम भए पनि आयकर तथा बोनस व्यवस्था अघि घाटामै रहेको छ । तसर्थ यस होटलले आगामी अवधिमा प्रभावकारी रणनीति बनाई कोरोना भाइरसले व्यवसायमा पर्न गएको असर कम गर्ने, खर्चहरुमा आवश्यक कटौती तथा मितव्ययीता अपनाई नोक्सानी कम गर्ने, कोरोना पूर्वको अवस्थामा होटल व्यवसायलाई फर्काउन आवश्यक रणनीति बनाई अगाडी बढ्ने लक्ष्य रहेको छ ।

अघिल्लो आ.व.मा गरिएको प्रक्षेपण अनुसार नै Specialty Restaurant को Renonvation को काम सम्पन्न गरिएको छ। यस होटलले आफुलाई बढ्दो प्रतिस्पर्धामा अग्रणी स्थानमा कायम राख्नको लागि Specialty Restaurant (विशेष रेन्टुरेन्ट) तयारी अवस्थामा राखेको छ । कोभिडको असर कम हुनासाथ सरकारले जारि गरेको आंशिक लकडाउन खुला हुने तथा पर्यटकहरुको आवागमनमा सुधार आउने वित्तिकै बजारको मागलाई मध्यनजर गर्दै तुरुन्तै संचालनमा ल्याई व्यवसायमा परेको आर्थिक असरलाई कम गर्ने रणनीति बनाएको जानकारी गराउदछौं । साथै खाली रहेको जग्गामा अन्तर्राष्ट्रिय स्तरको Event Hall र Exibition Centre निमार्ण गर्नको लागि पूर्व तयारी सम्पन्न गरि सकेको तर केहि प्रविधिक कारणले गर्दा निमार्ण कार्य शुरु हुन नसकेको व्यहोरा अवगत गराउदछौं । विभिन्न नयाँ तथा अन्तर्राष्ट्रिय ब्राण्ड भएका पाँचतारे तथा अन्य होटलहरु सञ्चालनमा आएको र पर्यटकहरुको संख्यामा कमि आएको हुनाले होटलहरु बिच प्रतिस्पर्धा बढ्न गएको छ। बढ्दो प्रतिस्पर्धामा यस होटललाई प्रथम स्थानमा राखि राख्न कोठाहरुलाई आकर्षक बनाउनको लागि नमुनाको रुपमा दुई वटा कोठाको Mock up बनाउने कार्य भइरहेको र सोहि नमुनाको आधारमा अन्य कोठाहरुमा सोहि अनुरुप बनाउँदै जाने लक्ष्य रहेको छ, अत्याधुनिक प्रविधि यूक्त सुविधाहरुको विस्तार गर्ने, तयारी अवस्थामा रहेको Specialty Restaurant संचालन गर्ने, विगत आर्थिक वर्षहरुमा Renovate भएको Meeting Hall, Lobby Lounge तथा Banquet Hall स्थानिय स्तरमा प्रचार प्रसार गरि बिक्री तथा नाफामा सुधार ल्याउने र शेयरधनी महानुभावहरुलाई छिट्टै नै धेरै भन्दा धेरै लाभांश वितरण गर्ने लक्ष्य रहेको छ ।

**● ३ संस्थागत सामाजिक उत्तरदायित्व :**

कोभिड-१९ तथा यसको संस्करणको महामारीको कारण समग्र विश्वनै प्रभावित भई अमूल्य मानविय क्षति भएको छ जसको प्रत्यक्ष असर समग्र विश्व अर्थतन्त्रमा परेको छ । कोभिडको चपेटामा परेको विश्व अर्थतन्त्र मध्ये सबै भन्दा बढि असर पर्यटन व्यवसाय जसमा होटल क्षेत्रलाई परेको छ । यस्तो महामारीको बिचमा विभिन्न समस्याहरुका बाबजुत पनि कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) लाई निरन्तरता दिदै उत्तरदायित्व निर्वाह गर्ने क्रममा टुसाल स्थित ढल तथा मंगलको मर्मत संभारको लागि आर्थिक सहयोग गरेको जानकारी गराउन चाहन्छौं ।

**घ) कम्पनीको औद्योगिक वा व्यवसायिक सम्बन्ध :**

कोभिड-१९ र यसको संस्करणको महामारीको नियन्त्रण तथा रोकथामको लागि नेपाल सरकारले विभिन्न समयमा जारी गरेको लकडाउनको असर स्वरुप होटलको व्यवसायमा कमी आएको कारण कम्पनीले नियमित पारिश्रमिक भुक्तानी गर्न कठिन भई राष्ट्रिय स्तरको ट्रेड युनियन र होटल संघ नेपाल सँग सहमति भए अनुसार पारिश्रमिक भुक्तानी गरिएको छ ।

त्यसैगरी हालको कोरोना महामारीका कारण होटल पूर्ण रुपमा संचालन हुन नसक्ने र यो अवस्था आगामी वर्षहरुमा पनि रहने भएकोले होटललाई न्यूनतम क्षमतामा संचालन गरि खर्चहरुमा मितव्ययीता अपनाई कटौती गर्ने योजना अनुरुप हाल कर्मचारीहरुको लागि स्वेच्छिक अवकाश योजना (Voluntary Retirement Scheme, VRS) कार्यक्रम

संचालन गरिएको छ । हालको महामारीमा नोक्सानी सकेसम्म कम गर्ने योजना अनुरुप व्यवस्थापनले आवश्यक रणनीति बनाई लागु गरि रहेको छ ।

होटल सबै पक्षहरुसगँको सुमधुर सम्बन्धको कदर गदर्छ र अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको होटल, ट्राभल्स ऐजेन्सी, सबै तहका कर्मचारी, आपूर्तिकर्ता, ठेकेदारहरु बीच पूर्ण सामञ्जस्यता सम्बन्ध कायम राख्दै एउटै परिवारको रुपमा आफ्नोपनको अनुभूति गराउँदै आएको छ, जसले गर्दा होटललाई मुलुकको “पहिलो रोजाइको होटल” का रुपमा स्थापित गर्न सफल भएका छौं । साथै यस सम्बन्धलाई अझ प्रगाढ तथा सुमधुर बनाउन होटल निरन्तर सजग रहेको छ । पाहुनाको सन्तुष्टिनै होटलको सफलता हो भन्ने मुख्य ध्येय भएकाले ग्राहकलाई उच्च प्राथमिकतामा राख्ने सिद्धान्तबाट होटल सधैं निर्देशित एवं अभिप्रेरित छ । आधुनिक तथा नविन प्रविधियुक्त सेवा र सुविधाहरु प्रारम्भ गर्दै होटल आज पाहुनाहरुको आवश्यकता अनुसारका उच्च गुणस्तरीय सेवाहरु प्रदान गर्न सक्ने होटलको रुपमा परिचित हुन पुगेको छ । फलस्वरुप विभिन्न स्वदेशी तथा विदेशी पाहुनाहरुलाई आकर्षित गर्न सक्षम छ ।

होटल विभिन्न संस्थागत तथा उपभोक्तामुलक ग्राहकहरुको सेवामा समर्पित भई थुप्रै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरु, अन्तर्राष्ट्रिय सहायता नियोगहरु, अन्तर्राष्ट्रिय कुटनीतिक नियोगहरुसँग घनिष्ट व्यवसायिक सम्बन्ध स्थापित गर्न पूर्ण रुपमा सफल भएको छ । साथै होटलले स्वच्छ प्रतिस्पर्धा, व्यवसायिकता तथा आपसी हितको सिद्धान्तमा आधारित नीति अवलम्वन गर्दै छिटो छरितो तरिकाले यी सबै ग्राहकहरुलाई अन्तर्राष्ट्रिय स्तरको होटल सेवा तथा सुविधाहरु उपलब्ध गराउँदै आइरहेका छौं । साथै यी सेवा र सुविधाहरुलाई अझै गुणस्तरीय बनाउन निरन्तर प्रयत्नशील रहेका छौं ।

**ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण :**

ICTC Holding Co. Pvt. Ltd बाट संचालक समितिमा प्रतिनिधित्व गर्ने श्रीमति डिजा श्रेष्ठको ठाउँमा सोहि कम्पनीको पत्रानुसार मिति २०७८।०७।१० देखि लागु हुने गरि श्री जयादीन श्रेष्ठ संचालक समितिमा नियुक्ति हुनु भएको जानकारी गराउदछौं ।

**च) कारोबारलाई असर पार्ने मुख्य कुराहरु :**

पर्यटन व्यवसाय मुख्य गरी पर्यटकको आवागमन, देशको राजनैतिक र सामाजिक अवस्था, पर्यटकको सन्तुष्टी, भौतिक पूर्वाधार र नयाँ पर्यटन स्थलको पहिचानमा भर पर्ने व्यवसाय हो । हाल विश्वव्यापी रुपमा देखिएको कोभिड-१९ र यसको संस्करणको कारणले पुरै विश्व नै आक्रान्त बनेको र त्यसको प्रत्यक्ष नकारात्मक असर पर्यटन क्षेत्रमा पर्न गएको छ । साथै विभिन्न देशहरुले जारि गरेको लकडाउन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई उडानहरुमा लगाएको पूर्ण तथा आंशिक प्रतिबन्धले होटल व्यवसायमा असर परेको छ । कोरानाको रोकथाम भई, हवाई उडानहरु सुचारु भई आर्थिक तथा पर्यटनजन्य गतिविधिहरु बढ्न थालेपछि मात्र होटल व्यवसायमा केही सुधार हुने देखिन्छ । होटलको व्यवसाय प्रत्यक्ष रुपमा पर्यटन व्यवसाय अन्तर्गत पर्ने अतिनै सम्बेदनशील प्रकृतिको व्यवसाय भएको हुनाले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा विभिन्न कुराबाट प्रभावित भई रहने कुरा अवगत गराउन चाहन्छौं ।

**समग्रमा होटल व्यवसायलाई प्रभावित पार्ने कुराहरु यस प्रकार रहेका छन्:**

- कोभिड-१९ र यसको संस्करणको महामारीको कारण भएको मानविय क्षति, विश्वभर जारि लकडाउन र यसले विश्व अर्थतन्त्रमा पारेको दुरगामी असर ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई उडानहरुमा लगाइएको आंशिक तथा पूर्ण प्रतिबन्ध र उडान तालिकाहरुमा भएको कटौती ।
- देशको अस्थिर राजनीति, राजनैतिक उताब चढाव, बन्द हड्ताल र अन्य राजनैतिक गतिविधिहरु ।

- ❖ होटल व्यवसायलाई उत्पादन मुलक उद्योग सरह मान्यता प्रदान गरी सोही अनुरुप सुविधा सम्बन्धित निकायबाट प्रदान नगर्नु ।
- ❖ नियामक सरकारी निकायले पर्यटन संभावनाको उचित प्रवर्द्धन नगर्नु तथा विदेशी विनिमय दरमा उच्च दरमा उताव चढाव हुनु ।
- ❖ गुणस्तरीय पर्यटक आकर्षित गर्न नसक्नु, सो संख्यामा वृद्धि नहुनु र होटल व्यवसायमा प्रतिस्पर्धा हुनु ।
- ❖ देशमा विद्यमान महगी ।
- ❖ पर्यटकको आगमनमा कमी आउनु, होटलहरु थपिदै जानु र होटलहरु बिच अप्रत्यासित रुपमा प्रतिस्पर्धा बढ्नु ।

**छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिक्रियाः**

- ➢ केही कैफियत उल्लेख नभएको ।

**ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :**

- ➢ प्रस्तुत आ.व. २०७७।०७८ मा कोभिडको कारण कम्पनीले घाटा बेहोर्नु परेकोले संचालक समितिले लाभांश बाँड्ने प्रस्ताव नगरेको ।

**झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्रि गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सोको विवरणः**

- ➢ प्रतिवेदन अवधिमा कम्पनीले कुनै शेयरहरु जफत गरेको छैन ।

**ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्त्यमा रहेको स्थितिको पुर्वालोकन :**

- ➢ नभएको ।

**ट) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेका प्रमुख कारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएका महत्वपूर्ण परिवर्तनः**

- ➢ नभएको ।

**ठ) विगत आ.व.मा कम्पनीको आधारभुत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**

- ➢ कुनै जानकारी कम्पनीलाई प्राप्त हुन आएको छैन ।

**ड) विगत आर्थिक वर्षमा कम्पनीका संचालक तथा पदाधिकारीहरुले लिएको शेयर स्वामित्वको विवरण र कम्पनीको शेयर कारोवारमा निजहरु सलंग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी :**

- ➢ कुनै जानकारी कम्पनीलाई प्राप्त हुन आएको छैन ।

**ढ) विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराईएको जानकारीको व्यहोरा :**

- ➢ कुनै जानकारी सञ्चालकबाट कम्पनीलाई हालसम्म प्राप्त हुन आएको छैन ।

**ण) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुका कारण, त्यस्तो शेयरको संख्या र अंकित मूल्य तथा त्यसरी खरिद गरे वापत कम्पनीले भुक्तानी गरेको रकम :**

- ➢ कम्पनीले आफ्नो शेयर आफैले खरीद गरेको छैन ।

**त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण :**

होटल सञ्चालनको जिम्मेवारि अन्तर्राष्ट्रिय होटल सञ्चालक संस्था "हायात इन्टरनेसनल" रहेकोले आफ्ना होटलहरुको सञ्चालनमा रहेको अवस्थामा विश्वब्यापी रुपमा अन्तर्राष्ट्रिय स्तरमा अपनाएको आन्तरिक नियन्त्रण प्रणाली (Internal Control System) यस होटलमा पनि लागु गरिएको जानकारी गराउदछु । आन्तरिक नियन्त्रणको लागि होटलले कर्मचारी नियमावली, आर्थिक प्रशासन नियमावली, लगायत प्रचलित ऐन, कानुन तथा नेपाल पर्यटन विभागबाट प्राप्त निर्देशनहरुको अधिनमा रही आन्तरिक नियन्त्रणको कार्य पनि गरी रहेको छ ।

कम्पनीमा निम्न उल्लेखित आन्तरिक नियन्त्रण प्रणालीहरुको विकास गरिएको छ :

१. हायात इन्टरनेसनलबाट निर्देशित अन्तर्राष्ट्रिय निर्देशनहरुलाई परिपालना गर्ने ।

२. आर्थिक नीति तथा लेखा सम्बन्धि निर्देशिकाहरुको परिपालना गर्ने ।

३. प्रत्येक महिना हायात इन्टरनेशनललाई आन्तरिक अनुगमन एवं नियन्त्रण प्रणाली अन्तर्गतको बिभिन्न प्रतिवेदनहरु बुझाउने ।

४. व्यस्थापन तथा लेखापरिक्षण समितिद्वारा आन्तरिक लेखा परिक्षण प्रणालीको आवधिक पुनरावलोकन गर्ने ।

५. प्रत्येक विभागहरुले Standard Operating Procedure पालना गर्ने ।

**थ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :**

होटलको व्यवस्थापन खर्च निम्न बमोजिम रहेको छ:

(रकम रुपैयामा)

| विवरण | आ.व. २०७७।०७८ | आ.व. २०७६।०७७ |
|---|---|---|
| कर्मचारी खर्च | १०,३५,१४,०४४।- | २६,३३,१८,२८६।- |
| प्रशासनिक, वित्तिय तथा व्यवस्थापन खर्च | ४,०३,८४,३११।- | ६,६९,३५,२२९।- |
| विक्रि तथा प्रवर्द्धन खर्च | १,१७,३२,९७१।- | ४,३८,६६,६५८।- |
| **जम्मा** | **१५,५६,३१,३२६।-** | **३७,४१,२०,१७३।-** |

**द) लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण:**

**१. कम्पनीको लेखापरीक्षण समिति सदस्यहरुको नाम तथा पारिश्रमिक :**

(रकम रुपैयामा)

| पद | सञ्चालकको पुरा नाम | बैठक भत्ता वापत प्रदान गरिएको रकम |
|---|---|---|
| अध्यक्ष | श्रीवत्स शमशेर राणा | - |
| सदस्य | श्रीमती कमलादेवी श्रेष्ठ | ११,७६४.७१ |
| सदस्य | श्री मनोज प्रसाद राजभण्डारी | ११,७६४.७१ |
| **जम्मा** | | **२३,५२९।४२** |

उपरोक्त लेखापरीक्षण समितिका सदस्यहरुलाई अन्य सुबिधा दिईएको छैन ।

**२. लेखापरीक्षण समितिले गरेको काम कारवाहीको विवरण :**

लेखापरीक्षण समितिले लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको विस्तृत रुपमा अध्ययन गरी होटलको वित्तिय स्थिति, आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापन, ऐन/नियम र निर्देशनको अनुपालन आदि विषयहरुमा सञ्चालक समितिलाई सुधारको लागि सुझाव पेश गर्ने गरिएको छ। समितिले आन्तरिक लेखापरीक्षणको सिलसिलामा देखिएको कैफियत भए त्यसको सिफारिस सहित संचालक समितिलाई जानकारी दिने गर्दछ। यद्यपि उक्त अवधिमा कुनै कैफियत नदेखिएको अवगत गराउँदछौं । उक्त समितिको बैठकमा विभिन्न विषयमा विस्तृत जानकारी प्राप्त गर्नको लागि आवश्यकता अनुसार होटलका पदाधिकारीहरुलाई समेत आमन्त्रण गर्ने गरिएको छ। प्रत्येक बैठकमा सहभागीहरु मध्ये सञ्चालकलाई भत्ता वापत रु. ११,७६४.७१ सञ्चालक सरह बैठक भत्ता प्रदान गरिदै आएको छ।

**३. लेखापरीक्षण समितिले सुझाव दिएको भए सो विवरण :**

लेखापरीक्षण समितिले कम्पनीको लेखापरीक्षक नियुक्तिको लागि कम्पनी ऐन, २०६३ को दफा १६५ को उपदफा (घ) बमोजिम आर्थिक वर्ष २०७८/०७९ को लागि लेखापरीक्षक नियुक्ति गर्ने प्रावधान अनुसार आ.व. २०७८/०७९ को लेखापरिक्षण गर्नको लागि बि.के. अग्रवाल एण्ड कम्पनीका श्री बि.के. अग्रवालज्यूलाई लेखापरिक्षक नियुक्त गर्नु पर्ने र निजलाई रु. ३,००,०००।- पारिश्रमिक दिने सुझाव पेश गरेको छ।

**ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कम्पनीका आधारभुत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :**

- **आधारभूत शेयरधनीहरुले कम्पनीलाई बुझाउन बाँकी रकम:**

१. आइसिटिसि प्रा. लि.रु. २५,१०,१४८।-

२. याक एण्ड यति होटल लिमिटेड रु २८,४८३।३५

**न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

होटलको सञ्चालक समितिको बैठक बस्दा प्रति बैठक अध्यक्ष र सदस्यहरुलाई समान रुपमा ११,७६५/- बैठक भत्ता प्रदान गरिन्छ। यस आ.व.मा प्रबन्ध संचालक ज्यूलाई वार्षिक कर समेत रु. १,०८,४४,३१७।- र कार्यकारी संचालक ज्यूलाई वार्षिक कर समेत रु. ७२,७३,६२७।- पारिश्रमिक भुक्तानी गरिएको छ साथै गाडी तथा इन्धन सुविधा पनि प्रदान गरिएको छ।

**प) शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम :**

कम्पनीले वितरण गरेको आ.व. २०७३।७४, २०७४।७५, २०७५।७६ र २०७६।०७७ को नगद लाभांश मध्ये आ.व. २०७७।७८ को अन्त्य सम्म शेयरधनीहरुलाई भुक्तानी गर्न बाँकी रु. ३०,७४,८२,२९३।- रहेको छ। जस मध्ये संस्थागत विदेशी लगानीकर्ताहरुलाई नेपाल राष्ट्र बैंकबाट स्विकृती प्राप्त गर्ने क्रममा रहेकोले भुक्तानी गर्न रु २६,७५,७०,५४०।- बाँकी रहेको र बाँकी रकम अन्य शेयरधनीहरुलाई भुक्तानी गर्न बाँकी रहेको छ।

**फ) दफा १४१ बमोजिम सम्पत्ति प्राप्ति वा बिक्री गरेको विवरण :**

दफा १४१ बमोजिम सम्पत्ति प्राप्ति वा विक्री नभएको।

**ब) दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच भएको कारोबारको विवरण :**

नभएको।

**भ) कम्पनी ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा :**

- **संस्थागत सुशासनः**

हजारौ लगानीकर्ताको लगानीबाट स्थापित यस कम्पनीको संचालन र व्यवस्थापनमा संस्थागत सुशासनको प्रत्याभुति अत्यावश्यक हुन्छ । तपाईहरुको लगानीको उचित प्रतिफलका अतिरिक्त कम्पनीको संस्थागत विकासको लागि सुशासनको भुमिका महत्वपूर्ण हुने भएकोले कम्पनीलाई सुशासित ढंगले संचालन एवं व्यवस्थापन गर्नका निमित्त कम्पनी व्यवस्थापन सदैव सजग एवं संवेदनशिल रहेको छ । कम्पनीले प्राप्त गरेको सम्मान तथा पुरस्कार सुशासनकै प्रतिफल भएको निवेदन गर्दछु ।

एउटा राम्रो संस्थागत सुशासन अबलम्बन गरेको कम्पनीले आफ्ना लगानीकर्ताहरु र तेस्रो पक्षको विश्वास आर्जन गर्न सक्छ । यसै मान्यतालाई आत्मसाथ गरि सम्पूर्ण कारोबार ईमान्दारीका साथ पारदर्शी रुपमा गरेको छ । साथै आर्थिक क्रियाकलापहरु पनि पारदर्शी रुपमा हुनु पर्दछ भन्ने मान्यता राख्दछ र सोही अनुसार पारदर्शी रुपमा लेखा श्रेस्ता राख्ने गर्दछ । सञ्चालक समितिले कम्पनीको सञ्चालन गर्नको लागि कम्पनी ऐनले तोकेको मापदण्ड र नेपाल धितोपत्र बोर्डद्धारा जारी भएको संस्थागत सुशासनको परिपालना गर्दै आइरहेको छ । होटलमा कार्यरत उच्च स्तरका कर्मचारीहरुद्धारा विद्यमान नियम, विनियम तथा निति अन्तर्गत रहि कार्य गरिरहेको कुरा मुल्याङ्कन गर्ने गरिएको छ ।

कम्पनीसँग सरोकारवालाको हित संरक्षण गर्नको लागि काम गर्नु पर्दछ भनि मान्यता स्थापित गरि विभिन्न प्रकारका निति तथा नियमहरु बनाई लागु गर्ने र समय समयमा उक्त निति नियमको पूर्ण पालना भए नभएको मुल्याङ्कन गर्ने गरेको कुरा अवगत गराउदछौं ।

कम्पनीले प्रचलित ऐन तथा कानुन, नेपाल र अन्तर्राष्ट्रिय लेखामान बमोजिमको मापदण्ड, नियमनकारी निकायहरुबाट जारि भएका नियम, विनियम, निर्देशनहरुको पूर्ण रुपमा पालना गर्ने गरेको छ । साथै आन्तरिक नियन्त्रण प्रणाली, सञ्चालन जोखिमहरु कम गर्न तथा कारोबारलाई थप व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियमहरु लागु गरि कम्पनीको सञ्चालक समिति, लेखापरीक्षण समिति लगायत सबैले आ-आफ्नै स्थानवाट कम्पनीको प्रगतिका निमित्त अहोरात्र खट्ने गरेको र आन्तरिक विभिन्न समितिहरु सदैव क्रियाशील रहि परिणाममुखि कार्यहरु गर्दै आइरहेका छन् ।

- **आर्थिक वर्ष २०७७/०७८ मा सञ्चालक समितिका सदस्यहरुः**

| | |
|---|---|
| श्री राधेश्याम सराफ | अध्यक्ष |
| श्री अरुण कुमार सराफ | प्रबन्ध सञ्चालक |
| श्री सुरेश लाल श्रेष्ठ | कार्यकारी सञ्चालक |
| श्री प्रल्हाद न्यौपाने | सञ्चालक (तारागाउँ विकास समिति |
| श्रीमती कमलादेवी श्रेष्ठ | सञ्चालक सर्वसाधारण |
| श्री उमेश सराफ | सञ्चालक |
| श्री राजेश लाल श्रेष्ठ | सञ्चालक |
| श्री वरुण सराफ | सञ्चालक |
| श्रीमती दिजा श्रेष्ठ | सञ्चालक |
| श्री श्रीवत्स शम्शेर राणा | स्वतन्त्र सञ्चालक |
| श्री मनोज प्रसाद राजभण्डारी | स्वतन्त्र सञ्चालक |

- **सञ्चालक समितिको काम कर्तब्य**

कम्पनी ऐन र नियमावलीमा लेखिएका कुराहरु र साधारण सभाको निर्णयको अधीनमा रही कम्पनीको सम्पूर्ण कारोबारको व्यवस्थापन, अधिकारहरुको प्रयोग र कर्तव्यको परिपालन सञ्चालकहरुले सामूहिक रुपमा सञ्चालक समिति मार्फत गर्ने गर्दछन् ।

- **सञ्चालक समितिको बैठक**

आ.व. २०७७।०७८ मा जम्मा ६ पटक सञ्चालक समितिको बैठक बसेको छ । दुई बैठक बिचको अधिकतम अन्तर ८९ दिन रहेको छ ।

**म) अन्य आवश्यक कुराहरु :**

नभएको ।

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (२) संग सम्बन्धित अनुसुची १५ अनुसारको अन्य विवरणहरु :**

- **कानुनी कारवाही सम्बन्धी विवरण :**

(क) यस कम्पनीका संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

(ख) कम्पनीको कुनै पनि संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध सम्बन्धी कुनै मुद्दा नभएको ।

- **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

(क) नेपाल धितोपत्र बजारमा यस संस्थाको शेयर कारोबारमा बजारले प्रतिपादित गरेको मुल्य तथा मान्यता अनुरुप नै हुने गरेको ।

(ख) समीक्षा अवधिको शेयरको अधिकतम मुल्य, न्युनतम मुल्य, अन्तिम मुल्य, कुल कारोबार भएको दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेन्जको वेवसाइट www.nepalstock.com.np अनुसार निम्न बमोजिम छः

| महिना | अधिकतम मुल्य (रू.) | न्युनतम मुल्य (रू.) | अन्तिम मुल्य (रू.) | कुल दिन | कुल कारोबार शेयर संख्या |
|---|---|---|---|---|---|
| आश्विन २०७७ | २८६ | १८२ | २४८ | ५२ | ५,६०,९०४।- |
| पौष २०७७ | ३५८ | २४० | २९४ | ६० | ११,९४,९६३।- |
| चैत्र २०७७ | ३८६ | २९० | ३१९ | ६० | १२,०४,३५४।- |
| आषाढ २०७८ | ४५५ | २७५ | ४०० | ७३ | २३,०८,१८४।- |

**समस्या तथा चुनौती :**

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ र यसको संस्करणको महामारीले पुऱ्याएको मानविय क्षति, विश्व अर्थतन्त्रमा परेको प्रतिकुल असर, अन्तर्राष्ट्रिय हवाई उडानहरुमा आएको संकुचन, सडकको खराब अवस्था, देशमा नयाँ पाँच तारे होटलहरु खुलेसँगै प्रतिस्पर्धामा भएको वृद्धि तर त्यसै अनुरुप गुणस्तरिय पर्यटक आगमनमा वृद्धि नहुनु, पर्यटन सम्बन्धि भौतिक पूर्वाधारहरुको विकास नहुनु, विदेशी मुद्राको विनिमयमा भईरहने उतार चढाव, अप्रत्यासित रुपमा पर्यटन क्षेत्रमा हुने बन्द तथा हड्ताल जसको कारणले आन्तरिक तथा बाह्य पर्यटकमा पर्ने नकारात्मक प्रभाव, देशको

अस्थिर राजनैतिक अवस्था, प्राकृतिक तथा दैविक प्रकोपहरु आदीलाई बाहिरी समस्याहरुको रुपमा लिइएको छ । उल्लेखित समस्या तथा चुनौतीहरु मध्ये काबु भन्दा बाहिरको समस्या बाहेक अन्य समस्या तथा चुनौतीहरुलाई यस होटलले निष्प्रभावि बनाउदै प्रभावकारी बजार व्यवस्थापन, होटलको आवश्यक मर्मत तथा संभार, अन्तर्राष्ट्रिय स्तरको गुणस्तरीय ग्राहक सेवाको स्तरोन्नति र लक्ष्य अनुसारको आम्दानी बढाउन नयाँ बजार तथा ग्राहकहरुको खोजी गर्ने जस्ता रणनीति अपनाई समस्या समाधान गर्दै जाने नीति लिईएको छ ।

**धन्यवाद ज्ञापन :**

अन्त्यमा, यस होटलको २५औं वार्षिक साधारण सभामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहभागिता जनाई यस कम्पनीको उत्तरोत्तर प्रगति एवं समृद्धीको लागि आवश्यक सरसल्लाह तथा सुझाव दिनु भएकोमा हाम्रा सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन बोर्ड, होटल संघ नेपाल, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडीएस एण्ड क्लियरिङ्ग लिमिटेड आदिबाट प्राप्त नीति निर्देशन होटलको विकासको लागि सदैव मार्ग निर्देशनको रुपमा रहने भएकोले वहाँहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । त्यस्तै होटललाई आजको अवस्थामा पुऱ्याउन सहयोग गर्ने स्वदेशी तथा विदेशी संघ संस्थाहरु, होटललाई ऋण प्रदान गर्ने स्वदेशी तथा विदेशी बैंक तथा वित्तीय संस्थाहरु, आन्तरिक र वाह्य लेखापरीक्षक, कानूनी सल्लाहकार, पत्रकार मित्रहरु, तथा अन्य सम्वद्ध संघ संस्था एवम् सम्पूर्ण ग्राहकवर्ग महानुभावहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु। सञ्चालक समितिका सदस्यहरुबाट प्राप्त मार्गदर्शनका लागि पनि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा होटलको उत्तरोत्तर प्रगति तथा उन्नतिको लागि अझै रचनात्मक एवं अमूल्य सुझाव तथा योगदानको अपेक्षा राखेको छु। होटलमा कार्यरत सम्पूर्ण व्यवस्थापक, कर्मचारी तथा कामदारहरुलाई वहाँहरुको कर्तव्यनिष्ठता, लगनशीलता ईमानदारीता एवम् निरन्तर रुपमा गरेको अथक परिश्रमको सराहना गर्दै हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद,

मिति : २०७८।११।२०

सञ्चालक समितिको तर्फबाट

**श्री.राधेश्याम सराफ**
अध्यक्ष

**श्री सुरेश लाल श्रेष्ठ**
कार्यकारी सञ्चालक

# संस्थागत संरचना


Board of Directors
Chairman
Managing Director
Executive Director
Company Secretary
Operation General Manager
Corporate President
Sr. Manager Accounts & Finance
वित्तिय दायित्व नाफा नोक्सानद्वारा समुचित मुल्यमा मुल्याङ्कन गरिएको व्यसायीक समायोजनको लेखाङ्कीत गरिएको सम्भाव्य प्रतिफल बाहेकको प्रारम्भिक रुपमा प्रभावकारी व्याज दरको प्रयोग गरि घटाईएको मुल्यमा मुल्याङ्कन गरिएको छ । वासलात मिति पछिको एक वर्ष भित्रको व्यवसायीक तथा अन्य गर्नुपर्ने भुक्तानीहरु ति उपकरणको छोटो भुक्तानीको कारण समुचित मुल्यमा मुल्याङ्कन गरिएको छ । प्रभावकारी व्याज दर तरिकाको प्रयोग गरि व्याज लाग्ने ऋणको प्रारम्भिक रुपमा परिषोधित मुल्यमा मुल्याङ्कन गरिएको छ । प्रभावकारी व्याज दर पद्धति घटाउने तरिकाबाट दायित्वलाई अभिलेखबाट परिषोधन भएको नाफा तथा नोक्सानीलाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ । घटाएको मुल्यको गणना गर्दा प्राप्तीमा भएको छुट तथा थप र प्रभावकारी व्याज दरको लागी प्रमुख शुल्क तथा लागतलाई ध्यानमा राखी गणना गरिन्छ । घटाएको प्रभावकारी व्याज दर वित्तिय लागतको रुपमा नाफा तथा नोक्सान खातामा देखाईन्छ ।

## वित्तीय सम्पत्तिको पुर्नवर्गीकरण :

यस कम्पनीले वित्तीय सम्पत्ति तथा दायित्व सुरुमा नै पहिचान गरी निर्धारण गर्दछ । सुरु पहिचान पश्चात् वित्तीय सम्पत्तिको कुनै वर्गीकरण गरिने छैन जुन Equity Instrument तथा वित्तीय दायित्व हुन । ऋण साधनको रुपमा रहेका वित्तीय सम्पत्तिको लागि त्यस्ता सम्पत्तिको व्यवस्थापन गर्न Business Model परिवर्तन भएको अवस्थामा मात्र पुर्नवर्गीकरण गरिन्छ । Business Model मा परिवर्तन बिरलै हुने अपेक्षा गरिन्छ । कम्पनीको सञ्चालनका सम्बन्धमा महत्वपूर्ण रहेका बाहिरी वा आन्तरिक परिवर्तनको कारणले भएको Business Model को परिवर्तन कम्पनीको माथिल्लो तहको व्यवस्थापनले निर्णय गर्दछ । कम्पनीले आफ्नो लागि महत्वपूर्ण रहेको कुनै क्रियाकलाप सुरुवात गरेको वा बन्द गरेको अवस्थामा Business Model परिवर्तन हुन्छ । यदि कम्पनीले वित्तीय सम्पत्ति पुर्नवर्गीकरण गरेमा पुर्नवर्गीकरण गरेको मितिबाट लागु हुने गरी भविष्य लक्षित दृष्टिबाट पुर्नवर्गीकरण लागु गर्दछ जुन Business Model को परिवर्तन पछि प्रतिवेदन पेश गर्नुपर्ने अर्को समयको लागि सुरुवात हुनेछ । अगाडी आर्जन गरेको लाभ, नोक्सानीहरु अवमूल्यन लाभ वा नोक्सानी सहित वा व्याजहरु कम्पनीले उल्लेख गर्ने छैन ।

## वित्तीय उपकरणको समायोजन गर्ने (Off Setting) :

सम्पत्तिको बिक्री र दायित्वको फछ्र्यौट गर्ने मनसाय छ र कानूनले पनि छुट दिएको छ भने वित्तिय सम्पत्ति तथा वित्तिय दायित्वलाई संयुक्त वासलातमा एक आपसमा समायोजन गरि खुद रकम मात्र देखाईन्छ ।

## वित्तीय उपकरण मान्य नहुने अवस्था (Derecognition) :

निम्नलिखित अवस्थामा प्रारम्भिक रुपमा वित्तीय सम्पत्ति मान्य हुने छैन :

- सम्पत्तिबाट नगद प्रवाह प्राप्त गर्ने अधिकार समाप्त भएमा, वा
- सम्पत्तिबाट नगद प्रवाह प्राप्त गर्ने अधिकार कम्पनीले हस्तान्तरण गरेको अवस्थामा वा pass through

सम्झौता अन्तर्गत कुनै तेश्रो पक्षलाई कुनै सारभूत विलम्ब नगरी प्राप्त गरेको नगद प्रवाह भुक्तानी गर्नुपर्ने दायित्व भनी अनुमान गरेमा र, अथवा

(क) कम्पनीले प्रशस्त मात्रामा सबै जोखिम र प्रतिफल हस्तान्तरण गरेमा वा (ख) कम्पनीले सम्पत्तिको सबै जोखिमहरु तथा प्रतिफलहरु प्रशस्त मात्रामा हस्तान्तरण पनि नगरेको र आफुसँग पनि नराखेको तर सो सम्पत्ति माथीको आफ्नो नियन्त्रण हस्तान्तरण गरेको भएमा ।

जब कम्पनीले कुनै सम्पत्तिबाट नगद प्रवाह प्राप्त गर्ने अधिकार हस्तान्तरण गरेमा वा कुनै pass through सम्झौता गरेमा, यसले जोखिमहरु तथा प्रतिफलहरु कुन हदसम्म आफुसँग राखेको भन्ने मुल्याङ्कन गर्दछ । जब यसले सम्पत्तिको सम्पूर्ण जोखिमहरु तथा प्रतिफलहरु क्रमैसँग हस्तान्तरण पनि नगरेको र आफुसँग पनि नराखेको, न त सम्पत्ति माथिको आफ्नो नियन्त्रण हस्तान्तरण गरेको अवस्थामा कम्पनीले हस्तान्तरण गरेको सम्पत्ति कम्पनीको जारी रहेको सहभागिताको हदसम्म मान्यता प्रदान गर्नेछ । त्यस अवस्थामा, सो सँग सम्बन्धित दायित्व समेतलाई मान्यता दिईन्छ । हस्तान्तरण गरिएका सम्पत्ति तथा सो सँग सम्बन्धित दायित्वहरु कम्पनीले आफुसँग राखेको अधिकार तथा दायित्व प्रतिविम्बित हुने प्रकारको सिद्धान्तबाट हिसाब किताब गरिन्छ ।

कुनै दायित्व अर्न्तगतको दायित्व फरफारक गरेमा वा खारेज भएमा वा म्याद सकिएको अवस्थामा कुनै एउटा वित्तीय दायित्वको मान्यता हुने छैन । सोहि साहुबाट हाल कायम रहेको वित्तीय दायित्वलाई अर्कोले तात्विक रुपमा फरक शर्त, वा हाल कायम रहि रहेका दायित्वहरुको शर्तहरुलाई तात्विक रुपमा परिमार्जन गरी प्रतिस्थापन गरेमा त्यस्ता सट्टापट्टा वा परिमार्जनलाई वास्तविक दायित्व मान्य नहुने भनी हिसाब गरिन्छ र नयाँ दायित्वलाई मान्यता प्रदान गरिन्छ । सो ले बहन गरेको क्रमैसँगको फरक रकम नाफा तथा नोक्सान हिसाबमा देखाईन्छ ।

## च) समुचित मुल्यको मापन :

कम्पनीले प्रत्येक वासलातको मितिमा वित्तिय उपकरण, जस्तै, व्युत्पन्न (Derivatives), समुचित मुल्यमा मापन गर्दछ ।

समुचित मुल्य भन्नाले मापन गर्ने मितिमा तोकिएका सहभागीहरु बिचको कानून सम्मत कारोवारमा कुनै सम्पत्ति बिक्री गर्दा वा दायित्व हस्तान्तरण गर्दा गर्ने भुक्तानी भन्ने बुझिन्छ ।

सम्पत्ति वा दायित्वको समुचित मुल्य बजारमा सहभागीहरुले आफ्नो उच्चतम आर्थिक फाइदाको अनुमान गरी सम्पत्ति वा दायित्वको मुल्य तोक्दा गर्ने अनुमान प्रयोग गरी मापन गरिन्छ ।

कम्पनीले उपयुक्त परिस्थिती अनुसार मुल्याङ्कनका तरीकाहरुको प्रयोग गर्दछ जसका लागी समुचित मुल्यमा मापन गर्नको लागि प्रयाप्त तथ्यहरु उपलब्ध हुन्छ ।

सम्पूर्ण सम्पत्तिहरु र दायित्वहरु जसको समुचित मुल्य वित्तिय विवरणमा मापन वा खुलासा गरिएको छ त्यसलाई पूर्ण रुपमा समुचित मुल्य मापन गर्न महत्वपूर्ण रहेको निम्न तहका तथ्याङ्कका आधारमा निम्नानुसार वर्णन गरिएका समुचित मुल्य पदानुक्रम (Hierarchy) भित्र वर्गीकरण गरिन्छ ।

तह १:- समान सम्पत्तिहरु र दायित्वहरुको लागि सक्रिय बजारमा उद्धृत (Quoted) गरिएको समायोजन नगरिएको बजार मुल्य

तह २:- प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मान्य समुचित मुल्य मापनको लागि महत्वपूर्ण रहेको तल्लो स्तरको तथ्याङ्कको लागि मुल्याङ्कन पद्धति

तह ३:- समुचित मुल्य मापनको लागि अमान्य रहेको महत्वपूर्ण तल्लो स्तरको तथ्याङ्कको लागि मुल्याङ्कन पद्धति

## छ) प्रति शेयर आम्दानी :

प्रति शेयर आम्दानी गणना गर्दा यस अवधिको खुद नाफा/नोक्सानलाई सोही अवधिको जम्मा शेयरको भारित औसत संख्याले भाग गरी निकालिएको छ । आंशीक रुपमा भुक्तानी भएका ईक्विटी शेयरहरु प्रतिवेदन तयार गरेको मितिको दौरान पूर्ण चुक्ता भएका ईक्विटी शेयरसँग सापेक्ष रुपमा लाभांशमा सरीक हुने अधिकारको हदसम्म एउटा ईक्विटी शेयरको अंशको रुपमा गणना गरिन्छ । कुनै वर्षमा कायम रहेको ईक्विटी शेयरको औसत संख्या बोनस जारी गर्ने, कायम रहेको हकप्रद शेयर जारी गर्ने सम्बन्धमा बोनस जारी गर्ने, शेयर विभाजन र शेयर एकिकरण गर्ने घटनामा समायोजन गरिनेछ ।

प्रति शेयर न्युनतम आम्दानीको हिसाब किताब गर्ने प्रयोजनको निम्ति, सबै dilutive securities को सम्भावित सबै असरहरु कुनै वर्ष भरी कायम रहेका शेयरहरुको भारित औसत संख्या तथा ईक्विटी शेयरधनीहरुको कारणले सो वर्षको लागि भएको खुद नाफा वा नोक्सानीको समायोजन गरिन्छ । कम्पनीले जारी राखेको सञ्चालनबाट Parent Company मा भएको नाफा वा नोक्सानी नियन्त्रण संख्या सरह सम्भावित साधारण शेयर dilutive securities वा antidilutive को निर्धारण गर्न प्रयोग गरिन्छ ।

## ज) व्यवस्थाहरु, सम्भावित दायित्व र सम्भावित सम्पत्ति :

विगतको घटनाको परिणाम स्वरुप श्रृजित दायित्व जसको कारणले श्रोत साधनको वहिर्गमनको सम्भावना बढ्न जान्छ र जुन दायित्वको भरपर्दो अनुमान गर्न सकिन्छ, त्यस्ता दायित्वको व्यवस्था गरिएको छ ।

सम्भावित दायित्व वा वर्तमान दायित्व भएको अवस्था, जसले श्रोतहरु Outflow आवश्यक नहुने सम्भावना भएमा आकस्मिक दायित्वको रुपमा खुलासा गरिनेछ। श्रोतहरु Outflow बाहिर बहाव हुने सम्भावना टाढा भएमा सम्भावित दायित्व वा वर्तमान दायित्व भएको अवस्थाको कुनै व्यवस्था वा खुलासा गरिने छैन ।

सम्भावित सम्पत्तीको पहिचान वित्तिय विवरणमा गरिएको छैन । तथापी, आर्थिक लाभको सुनिश्चितता भएमा सम्भावित सम्पत्ति र सम्बन्धित आम्दानीलाई वित्तिय विवरणमा लेखाङ्कन गरिन्छ ।

## २.२ लेखाङ्कन नीतिहरु :

वित्तिय विवरण तयार गर्दा अपनाइएको प्रमुख लेखा नीतिहरु तल उल्लेख गरिएका छन । अन्यथा उल्लेख गरेकोमा बाहेक कम्पनीले लेखा नीति एकरुपताका साथ निरन्तर रुपमा लागु गर्दै आईरहेको छ । वित्तिय विवरण तयार गर्दा कतिपय अवस्थाहरुमा केही अनुमान र आँकलनको प्रयोग गर्ने गरिन्छ । वित्तिय विवरणहरु तयार गर्दा प्रयोग गरिएका महत्वपूर्ण निर्णय र आँकलनहरु तथा त्यसले पार्ने प्रभावहरुलाई खुलाउनु पर्छ ।

## २.२.१ व्यवसायको निरन्तरता (Going Concern) :

कम्पनीको वित्तिय विवरणहरु व्यवसायको निरन्तरता रहने अवधारणा अनुरुप तयार गरिएको छ ।

## २.२.२ विदेशी मुद्राको कारोबार :

### शुरुको मुल्याङ्कन :

व्यवसायको सिलसिलामा भएको विदेशी मुद्राको कारोबारलाई कारोवार भएको मितिको विनिमय दरले स्थानीय मुद्रामा रुपान्तर गरिएको छ ।

**रुपान्तर :**
विदेशी मुद्रामा रहेको मौद्रिक सम्पत्ति तथा दायित्वलाई वर्षान्तको विनिमय दरको आधारमा स्थानिय मुद्रामा रुपान्तर गरिएको छ।

**विनिमय फरक :**
हिसाव मिलान हुन बाँकी मौद्रिक सम्पत्ति र दायित्वको पुनःरुपान्तरण गर्दा हुने विनिमय फरकलाई तत्कालै नाफा/नोक्सान हिसावमा जनाइने गरेको छ।

**विदेशी मुद्रामा आम्दानी :**
सेवा बापतको बिजक जारी गर्दा नेपाली मुद्रामा गर्ने गरिएको छ। सो वापतको रकम विदेशी मुद्रामा प्राप्त भएमा प्राप्त हुँदाको दिनको विनिमय दरले नेपाली मुद्रामा रुपान्तरित गर्ने गरिएको छ। विनिमय दरमा भएको परिवर्तनले आएको सटही फरक (नाफा वा नोक्सान) लाई बैंकबाट पाएको रकम अनुसार गर्ने गरिएको छ।

## २.२.३ पूँजीगत निर्माणाधीन सम्पत्ति :
पूँजीगत निर्माणाधीन सम्पत्ति अन्तर्गत सम्पत्ति निर्माणमा लागेको प्रत्यक्ष खर्चहरुलाई जनाउछ। यसमा कर्जाको ब्याज लगायत सम्पूर्ण निर्माण प्रक्रियामा लाग्ने प्रत्यक्ष खर्चहरुलाई पूँजीगत खर्चको रुपमा निमार्ण लागतमा पूँजीकृत गरिएको छ।

## २.२.४ अदृश्य सम्पत्ति :

**कम्प्युटर सफ्ट्वेयर :**
कम्प्युटर सफ्ट्वेयर लाइसेन्स खरिदलाई प्रयोगमा ल्याउदा सम्म लाग्ने खर्चहरुलाई समावेश गरी पूँजीकृत गरिएको छ। माथी उल्लेखित अपेक्षित उपयोगिता वर्षको आधारमा सो सम्पत्तिको लागतलाई अपलेखन गरि देखाईएको छ।

## २.२.५ पट्टा बहाल :

**सञ्चालन पट्टा :**
स्वामित्वको जोखिम तथा फाईदा पट्टा अवधिमा पट्टा दिने व्यक्तिले आफैसँग राख्छ भने त्यस्तो पट्टालाई सञ्चालन पट्टा भनि वर्गीकरण गरिएको छ। सञ्चालन पट्टा बापत गरिएको भुक्तानीलाई पुरै पट्टा अवधिमा समदर प्रणाली को आधारमा नाफा नोक्सान हिसाबमा खर्चको रुपमा लेखाङ्कन गरिएको छ।

**वित्तिय पट्टा :**
वित्तिय पट्टा जुन पुरै पट्टा अवधिको स्वामित्व सम्बन्धी जोखिम र फाईदा कम्पनीलाई हस्तान्तरण गरिन्छ त्यस्ता वित्तिय पट्टालाई समुचित मुल्य र न्युनतम पट्टा भुक्तानीको वर्तमान मुल्यहरु मध्ये जुन कम हुन्छ त्यस मुल्यमा पूँजीकरण गरिएको छ। पट्टा भुक्तानीलाई वित्तिय खर्च तथा पट्टा बापतको भुक्तानीमा बाँडफाँड गरिन्छ। जसले बाँकी रहेको पट्टा बापतको दायित्वमा निश्चित ब्याजदर प्राप्त गर्न सकियोस। वित्तिय खर्चलाई वित्तिय लागतको रुपमा नाफा नोक्सान विवरणमा देखाईन्छ। पट्टा व्यवस्थापन शुल्क, कानूनी शुल्क र अरु प्रारम्भिक खर्चलाई पट्टामा लिएको सम्पत्तिमा नै पूँजीकरण गरिएको छ।

पट्टामा लिएको सम्पत्तिलाई समदर प्रणालीमा सम्पत्तिको प्रयोग अवधिको आधारमा ह्रास कट्टि गरिन्छ। यदि पट्टा अवधि पछि कम्पनीले पट्टामा लिएको सम्पत्तिको स्वामित्व प्राप्त हुदैन भने पूँजीकरण गरिएको सम्पत्तिको समदर प्रणालीमा अनुमानित प्रयोग अवधि र पट्टा अवधि मध्ये जुन कम हुन्छ त्यो आधारमा ह्रास कट्टि गरिन्छ।

४९ वर्षको लागी जग्गा सञ्चालन पट्टामा लिएको छ । आपसी समझदारीमा पट्टालाई नविकरण गरिन्छ । त्यहाँ कुनै प्रकारको सहायक पट्टाहरु गरिएको छैन । उक्त सञ्चालन पट्टाको बहाल रु. ३,९९६,०००।- (गत वर्षको ३८,४८,०००।-) लाई आय विवरण मा लेखाङ्कन गरिएको छ । भविष्यमा तिर्नुपर्ने बाँकी अवधीको सञ्चालन पट्टा वहाल वापतको भुक्तानी गर्नुपर्ने रकम यस प्रकार रहेको छ ।

(रकम रुपैयाँमा)

| विवरण | आषाढ ३१, २०७८ (जुलाई १५, २०२१) | आषाढ ३१, २०७७ (जुलाई १६, २०२०) |
|---|---|---|
| **न्युनतम पट्टा भुक्तानी** | | |
| १ वर्ष सम्मको | ४,१४४,०००।- | ३,९९६,०००।- |
| १ वर्ष देखि ५ वर्षसम्मको | २२,९४०,०००।- | २२,२००,०००।- |
| ५ वर्ष भन्दा बढि | ९८,२७२,०००।- | १०३,१५६,०००।- |
| **जम्मा** | **१२५,३५६,०००।-** | **१२९,३५२,०००।-** |

## २.२.६ व्यवसायिक सामाजिक उत्तरदायित्व :

औद्योगिक व्यवसायिक ऐन, २०७६ अनुसार आर्थिक वर्ष २०७३।०७४ देखि लागु हुने गरी वार्षिक नाफाको १ प्रतिशत व्यवसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च गर्नको लागि छुट्याउनु पर्दछ । यो आ.व.मा कम्पनीले नोक्सान बेहोर्नु परेको कारण सो बमोजिमको व्यवस्था गरिएको छैन ।

## २.२.७ व्यापारिक तथा अन्य प्राप्ति योग्य रकम (आसामी) :

कम्पनीले असुल गर्नुपर्ने व्यापारिक तथा अन्य रकमहरु मध्ये प्राप्त हुन नसक्ने भनी समुहकृत गरिएको रकमलाई घटाई देखाइएको छ । साथै नउठ्ने आसामीको लागि गरेको व्यवस्थालाई नाफा नोक्सान विवरणमा खर्च जनाइएको छ ।

## २.२.८ नगद र नगद सरह :

नगद र नगद सरह अन्तर्गत वासलातको मितिको नगद, बैंक मौज्दात, मागमा जम्मा (Call Deposit), अन्य अल्पकालिन उच्च तरल निक्षेप र लगानी समावेश छन् । बैंक अधिविकर्स (Over Draft) माग गरेको खण्डमा भुक्तानी गर्नुपर्ने र कम्पनीको नगद व्यवस्थापनको अभिन्न अंग भएको हुनाले यसलाई वासलातमा चालु दायित्व भित्र छोटो अवधिको ऋणमा देखाइएको छ ।

## २.२.९ शेयर पूँजी :

कम्पनीद्वारा जारी भएको वित्तिय उपकरण, वित्तिय दायित्व तथा वित्तिय सम्पत्तिको परिभाषा भित्र नपर्ने हदसम्म मात्र पूँजीको रुपमा वर्गीकरण गरिएको छ ।

अग्राधिकार शेयर पूँजीमा फिर्ता नहुने र कुनै लाभांश सञ्चालकको स्वःविवेकमा पाउने अवस्थामा मात्र पूँजीको रुपमा राखिन्छ । अग्राधिकार शेयर पूँजी निश्चित समय पश्चात भुक्तानी हुने हुनाले शेयरधनीहरुको लाभांशलाई नाफा वा नोक्सान हिसावमा खर्च लेखिन्छ ।

## २.२.१० ऋणको लागत :

व्याज सहितको ऋणलाई प्रारम्भिक रुपमा लागतमा प्रस्तुत गर्ने गरिन्छ। तत्पश्चात ब्याज सहितको ऋणलाई घटेको मुल्यमा देखाईन्छ। लागत र Redemption मुल्यमा कुनै फरक भएमा सो लाई प्रभावकारी ब्याज पद्धति अपनाई नाफा तथा नोक्सान अन्तर्गत ऋण अवधी भरी खर्च लेखाङ्कन गरिन्छ।

## २.२.११ अवकाश सुविधा :

सञ्चय कोष र सामाजिक सुरक्षा कोष (SSF) बापतको योगदान सम्बन्धि खर्च नाफा वा नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ। कम्पनीले श्रम ऐन, २०७४ अनुसार आधारभुत पारिश्रमिकको ८.३३ प्रतिशतका दरले सामाजिक सुरक्षा कोषमा दर्ता नभएका कर्मचारीको हकमा उपदानको व्यवस्था गरेको छ।

## २.२.१२ व्यापारिक तथा अन्य तिर्नुपर्ने दायित्व :

व्यापारिक तथा अन्य तिर्नुपर्ने दायित्वलाई लागत मुल्यमा देखाइएको छ।

## २.२.१३ आम्दानीको लेखाङ्कनः

आम्दानीको लेखाङ्कन त्यो हदसम्म गरिएको छ जसको आर्थिक फाईदाको सम्भावना कम्पनीलाई हुन सक्छ तथा आम्दानी र सोका लागि गरिएका खर्च वा सम्भावित खर्चलाई समेत भरपर्दो रुपमा मापन गर्न सकिन्छ। मुल्य अभिवृद्धि कर र अन्तःशुल्क घटाइसके पछिको मुल्य आम्दानीको वास्तविक मुल्य हो। जसको भुक्तानी प्राप्त भईसकेको वा प्राप्त नभईसकेको पनि हुन सक्छ। आम्दानी लेखाङ्कनमा होटल अपरेशनसँग सम्बन्धित कोठा भाडा, खाद्य तथा पेय पदार्थ तथा अन्य सेवाहरुको संलग्नता रहेको छ।

व्यवस्था (Arrangement) गरिएको प्रमाण, स्थिर दर/शुल्क अथवा संकलन निश्चित भएमा मात्र सेवा वापतको आम्दानी लेखाङ्कन गरिन्छ। वस्तु तथा सेवा विक्री वापतको आम्दानी भन्नाले अप्रत्यक्ष कर (Indirect Taxes), छुट र फिर्ताको खुद रकम हो।

## २.२.१४ खुद वित्तिय लागत :

प्रभावकारी ब्याजदर पद्दति, विदेशी विनिमयमा भएको नाफा/नोक्सान प्रयोग गरी गणना गरिएको ऋणको भुक्तानी गर्नुपर्ने ब्याज खुद लागतमा समावेश रहेको हुन्छ।

सम्पत्तिको लगानीवाट पाकेको ब्याजलाई नाफा तथा नोक्सान विवरणमा व्याज आम्दानीको रुपमा लेखाङ्कन गरिएको छ। लाभांश प्राप्त गर्ने अधिकार सुनिश्चित भए पछि मात्र नाफा वा नोक्सान विवरणमा लाभांश आम्दानी भनेर लेखाङ्कन गरिएको छ।

## २.२.१५ खण्ड प्रतिवेदन पेश गर्ने (Segment Reporting):

खण्ड भनेको कम्पनीको छुट्याउन सक्ने तत्व जुन वस्तु पुऱ्याउन होस वा सेवा र व्यवसायको खण्ड, वा कुनै निश्चित आर्थिक वातावरण र भौगोलीक खण्डमा वस्तु तथा सेवा पुऱ्याउने सवाल जसमा जोखिम वा लाभ दुवै हुन्छ जुन अन्य व्यवसायका खण्ड भन्दा फरक हुन्छ।

यस कम्पनी प्रारम्भमा एउटा खण्ड (व्यवसाय तथा भौगोलिक) उदाहरणको लागि अतिथि सत्कार हस्पिटालिटी सेवामा संलग्न रहेको छ। यो कम्पनी एउटा ईकाई सरह व्यवस्थापन भएको र समान प्रकारका जोखिम र लाभको बहन

गरिएको छ । यसका सम्पूर्ण सम्पत्ति नेपालमा अवस्थित रहेका छन् । तसर्थ लेखामान अनुसार खण्डमा प्रतिवेदनको खुलासा गरिएको छैन ।

### २.२.१६ सञ्चालन अनिरन्तरता :

सञ्चालन अनिरन्तरता भन्नाले कम्पनीको व्यवसायबाट प्रष्ट रुपमा छुट्टिएको कुनै भाग हो जसलाई अनिरन्तरता तथा बन्द गरिएको र जुन व्यवसायिक तथा Operation को भौगोलिक क्षेत्रको Major Line को रुपमा छुट्टै प्रस्तुत गरिएको हुन्छ । चालु आर्थिक वर्षमा कम्पनीले कुनै प्रकार संचालन अनिरन्तरताको पहिचान गरेको छैन ।

### २.२.१७ सम्बन्धित पक्ष बिच कारोबार :

सम्बन्धित पक्षसँगको सबै कारोबारलाई कम्पनीले सामान्य बजार व्यवहार (Arms Length Prices) सिद्धान्तको आधारमा गर्ने गरेको छ ।

### २.२.१८ शंकास्पद आसामीको व्यवस्था :

शंकास्पद आसामीको व्यवस्था यस प्रकार रहेको छ ।

(रकम रुपैयाँमा)

| विवरण | शुरु मौज्दात | व्यवस्था | खराब आसामीको लेखाङ्कन/अलेखाङ्कन | अन्तिम मौज्दात |
|---|---|---|---|---|
| होटल व्यवसाय संचालन | ४,८४८,४७६।- | - | ४४१,९४६।- | ४,४०६,५३०।- |
| अन्य | ८५,६८३,४८३।- | - | - | ८५,६८३,४८३।- |
| **जम्मा** | **९०,५३१,९५९।-** | - | **४४१,९४६।-** | **९०,०९०,०१३।-** |

### २.२.१९ वित्तिय जोखीम व्यवस्थापन :

कम्पनीको वित्तीय सम्पत्तिमा मुख्य रुपमा व्यापारबाट प्राप्त गर्नुपर्ने, सुरक्षण धरौटी र नगद र नगद सरहको सम्पत्ति रहेको छ । कम्पनीको वित्तीय दायित्व अन्तर्गत भुक्तानी गर्न बाँकी रहेको उधारो, व्यापार भुक्तानी गर्नुपर्ने र अन्य प्रतिबद्धता रहेको छ ।

कम्पनी सञ्चालनबाट र वित्तीय उपकरणको प्रयोगबाट कम्पनीमा रहने उधारो क्रेडिट जोखिम र तरलता जोखिमलाई देखाउछ । सञ्चालक समिति माथी कम्पनीको जोखिम व्यवस्थापन ढाँचा तयार गर्ने तथा समिक्षा गर्नुपर्ने जिम्मेवारी रहन्छ ।

कम्पनीको जोखिम व्यवस्थापन नीतिहरु कम्पनीले सामना गरेको जोखिमहरु पहिचान गर्न तथा विश्लेषण गर्न, उपयुक्त जोखिम सीमा तय गर्न, नियन्त्रण गर्न र जोखिम तथा सो सीमाको पालना गर्न स्थापना गरिएका छन् ।

जोखिम व्यवस्थापन नीतिहरु र प्रणालीहरु नियमित रुपमा समिक्षा गरिन्छ जसले व्यवसाय सञ्चालनमा बजार अवस्थाको प्रभाव र कम्पनीको गतिविधि प्रतिविम्बित गर्दछ ।

## क) उधारो जोखिम :

उधारो (Credit) जोखिम भनेको वित्तीय उपकरण वा वित्तीय घाटा निम्त्याउने गरी भएको ग्राहकसँगको करार अर्न्तगत समकक्षीले आफ्नो दायित्व पुरा गर्न नसक्ने जोखिम भन्ने बुझिन्छ। कम्पनीको सञ्चालन तथा आर्थिक क्रियाकलापबाट कम्पनीको क्रेडिट जोखिम श्रृजना हुन्छ। क्रेडिट जोखिम मुख्यतः व्यापारको आसामीहरुबाट श्रृजना हुन्छ र उधारो/क्रेडिट जोखिमको अधिकतम अनावरण (Exposure) वित्तीय सम्पत्तिको मुल्य बराबर हुन्छ।

प्राप्त गर्नुपर्नेमा ट्राभल एजेन्टबाट प्राप्त गर्नुपर्ने, संस्थागत ग्राहक, कुटनीतिक मिसन, हवाई कम्पनी, सरकारका मन्त्रालय र बीमा कम्पनीहरु रहेका छन्। कम्पनीले आफ्नो पछिल्लो अनुभव र प्राप्य रकमको असूलीको तथ्यको आधारमा शंकाशपद आसामीको व्यवस्था गर्ने गरिन्छ।

यस कम्पनीको प्रतिवेदन तयार गर्दाको मितिसम्म समकक्षीलाई रहेको अधिकतम जोखिम यसको वित्तीय सम्पत्तिको मुल्य बराबर रहेको छ।

## ख) तरलता जोखिम :

तरलता (Liquidity) जोखिम त्यस्तो जोखिम हो जसको कारणले कम्पनीले रकमको अभावले आफ्नो वित्तिय दायित्व पुरा गर्न सक्षम रहदैन। कम्पनीको तरलता (Liquidity) जोखिम मुख्यतः वित्तीय सम्पत्ति वा दायित्वको अवधि पुग्नेको बेमेलबाट उत्पन्न हुन्छ। कम्पनीको मुख्य उद्देश्य भनेको कोषको निरन्तरता र लचकता बिच सन्तुलन कायम राख्नु रहेको छ। यस कम्पनीमा एउटा वित्तीय व्यवस्थापन समुह रहेको छ जसले कम्पनीको कोषको दैनिक अवस्था र आवश्यकताको निगरानी गर्दछ। भविश्यमा श्रोत समायोजनको आवश्यकता पहिचान तथा योजनाको आधारमा वित्तिय व्यवस्थापन समुहले कम्पनीको नगद प्रवाहको योजना बनाउने गर्दछ र योजना तथा चालु तरलताको अवस्था बारेमा कम्पनीको उच्च व्यवस्थापक तथा सञ्चालक समितिलाई जानकारी गराउछ।

## बाँकी रहेको अनुबन्धित परिपक्वताको आधारमा वित्तिय उपकरणको विश्लेषण :

यस कम्पनीको प्रतिवेदन तयार गर्दा सम्मको मितिमा Contractual Undiscounted नगद प्रवाहको आधारमा वित्तीय सम्पत्ति तथा दायित्वको Maturity Profile को विश्लेषण तल देखाईएको छ :

**बाँकी रहेको कराररिय परिपक्वताद्वारा वित्तिय उपकरणको विशलेषण :**

(रकम रुपैयाँमा)

| आषाढ ३१, २०७८ (जुलाई १५, २०२१) | टिप्पणी | १ वर्ष वा सो भन्दा कम | १ वर्ष देखि ५ वर्ष सम्म | ५ वर्ष भन्दा माथि | जम्मा |
|---|---|---|---|---|---|
| **वित्तिय सम्पत्ति** | | | | | |
| नगद वा सो सरह | ७ | ३२८,१७३,१३४ | | | ३२८,१७३,१३४ |
| व्यवसायीक आसामी | ६ | ५२,९३६,३६८ | | | ५२,९३६,३६८ |
| अन्य वित्तिय सम्पत्ति | ८ | ७८९,००३,२१४ | | | ७८९,००३,२१४ |
| **जम्मा** | | **१,१७०,११२,७१६** | | | **१,१७०,११२,७१६** |
| **वित्तिय दायित्व** | | | | | |
| व्यवसायिक साहु | १३ | ६४७,९७६,५४० | | | ६४७,९७६,५४० |
| अन्य वित्तिय दायित्व | | १०६,२२९,८३४ | | | १०६,२२९,८३४ |
| **जम्मा** | | **७५४,२०६,३७४** | **-** | **-** | **७५४,२०६,३७४** |

### ग) सुरक्षण :

बैंक अफ काठमाण्डौद्वारा प्रदान गरिएको ऋण सुविधाहरु बापत कम्पनीले आफ्नो गैर चालु सम्पत्ति र वित्तिय सम्पत्ति सुरक्षणको रुपमा धितो प्रदान गरेको छ ।

### ३.१ लेखा सम्बन्धी टिप्पणीहरु :

### ३.१.१ वित्तिय विवरणमा COVID-19 र यसको संस्करणको असरः

कोभिड-१९ र यसको संस्करणको महामारीको कारण यस आ.व.मा कम्पनीको विक्रि तथा नाफामा अत्यधिक गिरावट आएको छ र सो को प्रभाव आगामी वर्षहरुमा पनि रहने छ ।

कोभिड-१९ र यसको संस्करणको महामारीले पुऱ्याएको मानविय क्षति, विश्व अर्थतन्त्रमा आएको संकुचन र नेपाली अर्थतन्त्रमा परेको नकारात्मक असर जसको कारण व्यवसायहरु बन्द हुन बाध्य भएको तथा सिमित संचालनको नतिजा स्वरुप अर्थतन्त्रमा सुस्तता आएको छ। यद्यपी, आर्थिक अवस्थामा स्थायित्व ल्याउनको लागि सरकारले मौद्रिक र वित्तिय रोकथामको उपायहरु अपनाएपनि यस वित्तिय विवरण जारी गर्दाको मितिसम्ममा कुनै उल्लेखनिय राहत पाएको छैन । यसका अतिरिक्त कम्पनीले व्यवसायको निरन्तरताको मुल्याङ्कन गरी तत्काल व्यवसायको निरन्तरतामा कुनै चुनौती नभएको निष्कर्षमा पुगेको छ ।

### ३.२ बिक्रीको लागत :

आम्दानी प्राप्त गर्नको लागि प्रत्यक्ष रुपमा गरिएका खर्चहरुलाई बिक्रीको लागतमा राखिएको छ ।

### ३.३ अवकाश सुविधा :

कम्पनीले कर्मचारी अवकाश सुविधा योजना अन्तर्गत, सामाजिक सुरक्षा कोष र सञ्चित विदाको भुक्तानीको व्यवस्था गरेको छ। आवधिक रुपमा सामाजिक सुरक्षा कोष र सञ्चित बिदा वापतको योगदानलाई नाफा/ नोक्सान विवरणमा खर्च लेखिएको छ ।

कम्पनीले नियमानुसार आ.व.को अन्तमा सञ्चित बिदा वापतको रकमलाई दायित्वको रुपमा लेखाङ्कन गर्ने गरेको छ । त्यसैगरी उपदानलाई छुट्टै अवकाश कोष वा सामाजिक सुरक्षा कोषमा जम्मा गर्नको लागि प्रक्रियामा छ ।

### ३.४ कोठाको अक्युपेन्सी :

यस वर्ष कोठाको अक्युपेन्सी दर यस होटलको जडित क्षमताको ५.८ प्रतिशत रह्यो, जुन गत वर्ष ४१.६ प्रतिशत रहेको थियो ।

### ३.५ क्यासिनोको सञ्चालन :

क्यासिनो सञ्चालनको लागि प्राइड ईन्टरटेनमेन्ट एण्ड रिक्रिएसन प्रा.लि. सँग १७ नोवेम्बर २०१५ देखि लागु हुने गरी १० वर्षको लागि सम्झौता गरेको छ। कोभिड-१९ र यसको संस्करणको महामारीको कारण लकडाउन र होटल बन्द हुँदा कम्पनीले प्राइड ईन्टरटेनमेन्ट एण्ड रिक्रिएसन प्रा.लि. लाई १६ मार्च २०२० देखि १५ जुलाई २०२१ सम्मको भाडामा ५०% छुट दिएको छ ।

### ३.६ असुरक्षित ऋण :

१८% अग्राधिकार शेयर र उक्त शेयरमा पाकेको लाभांशलाई ६% असुरक्षित ऋणमा परिणत गरिएकोमा उक्त ऋण वापतको भुक्तानी २०७१।०५।०२ देखि गरिदै आएको छ । त्यस्तै असुरक्षित ऋण वापतको व्याजको भुक्तानी मिति २०७०।०९।१६ देखि गरिदै आएको छ। प्रतिवेदन मिति (Reporting date) मा असुरक्षित ऋणमा दाबी नपरेको रकम रु. ४२,०८४,३४७- र दाबी नपरेको व्याज रु. १५,२५९,८५६।- कायम रहेको छ ।

### ३.७ हायात व्यवस्थापन शुल्क (Hyatt Management Fee) :

कम्पनी र Hyatt International SEA (Pte) Ltd. बिच ११ नोभेम्बर, १९९६ मा भएको Management Agreement, नेपाल सरकार उद्योग विभागबाट १० सेप्टेम्वर, १९९७ मा विधिवत स्विकृती भएको र सोही Management Agreement बमोजिम Managemenet Fee कुल संचालन नाफाको १६% ले हुने व्यवस्था छ। कम्पनीले १६ जुलाई, २०२० देखि १५ जुलाई, २०२१ सम्म कुल संचालन नोक्सानी बेहोर्नु परेकोले यस आ.व.मा Incentive Management Fee को व्यवस्था गरिएको छैन ।

कम्पनीले हायात व्यवस्थापन शुल्क अन्तर्गत Basic Management Fee वापत रु. १३.८ लाख व्यवस्था गरेको छ जुन जम्मा विक्रीको १.०५% हो । त्यसैगरी कम्पनीले Chain Marketing Fee And ISL Fee वापत यस आ.व. हायातलाई तिर्नुपर्ने रु. २.२५ करोडको व्यवस्था गरेको छ ।

### ३.८ सम्भावित दायित्व :

### १. आयकर र मुल्य अभिवृद्धि करको लागि :

आयकर र मुल्य अभिवृद्धि करसँग सम्बन्धित कर फछ्र्यौट आयोगसँग आर्थिक वर्ष २०५९।०६० देखि २०६६।०६७ सम्मको अन्तिम फछ्र्योट भैसकेको छ । जसअन्तर्गत कर फछ्र्यौट आयोगले श्रोतमा कर कट्टी र मुल्य अभिवृद्धि करसँग सम्बन्धित दायित्वको समायोजन गरि फछ्र्यौट गरी सकेको तर आयकर सम्बन्धि मुद्दाहरु अझै फैसला हुन बाँकी रहेको छ। आर्थिक वर्ष २०६७।०६८ देखि २०७३।०७४ सम्मको मुद्दाहरु राजश्व न्याधिकरणमा पुनरावेदन गरेका छौ । रु.१३३,९१४,०००।- मुद्दा वापत धरौटी रहेको छ र आन्तरिक राजश्व कार्यालयद्धारा थप माग गरिएको रकमको व्यवस्था गरिएको छैन ।

कर सँग सम्बन्धित सम्भावित दायित्व निम्न प्रकार रहेको छ ।

(रकम रुपैयाँमा)

| आर्थिक वर्ष | जम्मा कर धरौटी रु. | संभावित दायित्व रु. |
|---|---:|---:|
| २०६७।०६८ | १,८८८,०००। | ३,७७५,६७०। |
| २०६८।०६९ | १,७४६,०००। | १६,९३२,६००। |
| २०६९।०७० | ५३,६८०,०००। | ११३,४८९,१०६। |
| २०७०।०७१ | ५८,८००,०००। | ९६,७४९,३१०। |
| २०७१।०७२ | | ६,६५९,५७४। |
| २०७२।०७३ | १४,८००,०००। | २५,३०७,०३३। |
| २०७३।०७४ | ३,०००,०००। | ९,१५५,१३४। |
| **जम्मा** | **१३३,९१४,०००।** | **२७२,०६८,४२७।** |

### २. पूँजी प्रतिबद्धता :

कम्पनीले Lobby Lounge, Café, Meeting Rooms, Fitness Center Spa र Rox Restaurant को Refurbishment अर्को आ.व. मा पुरा गर्ने गरी प्रकियामा रहेको छ । यसको लगि विभिन्न आपूर्तिकर्ता र परामर्शदाताहरुसँग रु. २५ करोड बजेट अन्तर्गत यस वर्षको अन्तसम्म रु. ८.३८ करोड बराबरको खर्च गरिएको छ।

### ३.९ आयकर व्यवस्था :

आयकर ऐन, २०५८ को व्यवस्था अनुसार यस आ.व.मा कम्पनीले नोक्सानी बेर्होनु परेको कारण आयकरको व्यवस्था गरिएको छैन ।

### ३.१० कर्मचारी बोनस :

यस आ.व.मा कम्पनीले नोक्सानी बेर्होनु परेको कारण कर्मचारी बोनसको व्यवस्था गरिएको छैन ।

### ३.११ सम्बन्धित पक्षहरुसँगको कारोबार :

(रकम रुपैयाँमा)

| नाम | सम्बन्धको प्रकार | शुरु मौज्दात | कारोबार | अन्तिम मौज्दात |
|---|---|---|---|---|
| नेपाल ट्राभल एजेन्सी प्रा. लि. | सम्बन्धी निकाय | ९०,४७८ | (३५,२७५) | ५५,२०३ |
| आईसिटिसी समूह | सम्बन्धी निकाय | ३,७०९,०७६ | (१,१९८,९२८) | २,५१०,१४८ |
| होटल याक एण्ड यति | सम्बन्धी निकाय | | २८,४८३.३५ | २८,४८३.३५ |

### ३.१२ व्यवस्थापनका मुख्य पदाधिकारीहरुको पारिश्रमीक :

कम्पनीले यस आर्थिक वर्षमा व्यवस्थापनका मुख्य पदाधिकारीहरुलाई पारिश्रमिक वापत रु. ३.२१ करोड भुक्तानी गरेको छ ।

### ३.१३ लगानी :

कम्पनीले आफूसँग रहेको बढी नगदलाई अल्पकालिन मुद्दती निक्षेपमा लगानी गरेको छ। वासलात मितिदेखि ३ महिना भित्र परिपक्व हुने निक्षेपलाई नगद वा नगद सरह मानी देखाईएको छ र ३ महिना भन्दा बढी अवधीमा परिपक्व हुने मुद्दती निक्षेपलाई वित्तिय विवरणमा लगानी अन्तर्गत देखाईएको छ। मुद्दती निक्षेपको विवरण निम्न प्रकारको रहेको छ।

| मुद्दती निक्षेप | परिपक्व अवधि |
|---|---|
| रु २७०,७००,००० | ३ महिना भित्र |
| रु ७५१,४००,००० | ३ महिना पछि |

### ३.१४ श्रमिक कोष :

आधिकारिक युनियनसँग गरिएको सम्झौता अनुरुप यस कम्पनीले यस होटलमा कार्यरत कर्मचारीहरुलाई सुविधाजनक ऋण प्रवाह गने उद्देश्य राखि पछिल्लो आ.व.मा रु. २ करोडको श्रमिक कोषको स्थापना गरेको थियो । यस आ.व.मा कम्पनीले श्रमिक कोषबाट कर्मचारीहरुलाई रु. १.३४ करोड ऋण प्रवाह गरेको छ । सामुहिक सौदावाजी सम्झौता अनुसार कर्मचारीहरुलाई प्रवाह भएको ऋणबाट प्राप्त ब्याजलाई कम्पनीले व्यवस्थापन गरेको कल्याणकारी कोषमा

राखिएको छ। श्रमिक कोष सञ्चालन नियमावली २०७५ अनुसार श्रमिक कोष एउटा छुट्टै समितिद्धारा सञ्चालित छ।

## ३.१५ सेवा शुल्क :

कम्पनीले सम्पूर्ण विक्रीमा आफ्ना ग्राहकहरुलाई १० प्रतिशत सेवा शुल्क लगाउने गरेको छ। उक्त सेवा शुल्क मध्ये १६ जुलाई २०२० देखि १५ जुलाई २०२१ सम्मको सेवा शुल्क बाट ७२ प्रतिशत कर्मचारीलाई, ५ प्रतिशत होटल संघ नेपाल (HAN) लाई र बाँकी २३ प्रतिशत कम्पनीले राखेको छ जसलाई आम्दानी जनाईएको छ।

## ३.१६ प्रति शेयर आम्दानी :

प्रति शेयर आम्दानी निम्न अनुसार गणना गरिएको छ :

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| कर पछिको नाफा रु. | (३५,०७२,०३७) | १६९,३४६,३९५ |
| साधारण शेयरको भारित औसत संख्या (इकाइ) | १८,८६६,५४० | १८,८६६,५४० |
| साधारण शेयरको Diluted संख्या (इकाइ) | १८,८६६,५४० | १८,८६६,५४० |
| शेयरको न्यूनतम मुल्य (रु.) | १०० | १०० |
| प्रतिशेयर आम्दानी (रु.) | (१.८६) | ८.९८ |
| Diluted प्रतिशेयर आम्दानी (रु.) | (१.८६) | ८.९८ |

## ३.१७ अन्य व्यवसायिक आम्दानी :

कम्पनीका अन्य व्यवसायिक आम्दानी मुख्य व्यवसायसँग सम्बन्धित छैन। यसमा लागत समायोजन पश्चातको आम्दानी मात्र लेखाङ्कन गरिएको छ।

## ३.१८ करयोग्य घाटा आगामी वर्षमा पर सारिएको :

कम्पनीले आर्थिक बजेट २०७८ को व्यवस्थानुसार आ.व.२०७७।०७८ को करयोग्य घाटालाई आगामी १० वर्ष सम्मको लागि पर सारिएको छ।

# तारागाउँ रिजेन्सी होटल्स लिमिटेड
## २०७८ आषाढ ३१ गतेको वित्तिय विवरणको टिप्पणी

### सम्पत्ति, मेशिन तथा यन्त्र उपकरणहरू

**टिप्पणी-४**

| सम्पत्तिको विवरण | जग्गा | कार्य प्रक्रिया | भवन | कम्प्यूटर | अन्य सम्पत्ति | फर्निचर तथा कार्यालय सामग्री | सवारी साधन | सफ्टवेयर | यन्त्र तथा उपकरण | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सम्पत्तिको लागत | | | | | | | | | | |
| २०७७ श्रावण १ गतेको मौज्दात | २८०,१८९,०२५ | ४९,०९८,२८८ | १,९३८,०५०,९४९ | ६,६३२,३३५ | ११६,७९५,१४५ | १७७,५४७,६३८ | २६,०५३,१९५ | १३५,००० | १,०९०,५१४,८७२ | ३,६८५,०१६,४४७ |
| थप | - | ३४,७०१,१९३ | १,७६१,१३३ | १३८,४९६ | ८४७,१४८ | ३४३,८०५ | - | - | - | ३७,७९१,७७५ |
| समायोजन/पुजिकृत | - | - | - | - | - | - | - | - | - | - |
| निसर्ग | - | - | - | - | - | (१२१,४३३,४४४) | - | (१०५,०००) | (१,०६५,१४९,११४) | (१,१८६,६८७,५५८) |
| २०७८ आषाढ ३१ गतेको मौज्दात | २८०,१८९,०२५ | ८३,७९९,४८१ | १,९३९,८१२,०८२ | ६,७७०,८३१ | ११७,६४२,२९३ | ५६,४५७,९९९ | २६,०५३,१९५ | ३०,००० | २५,३६५,७५८ | २,५३६,१२०,६६४ |
| | | | | | | | | | | |
| ह्रास तथा अवमुल्यन नोक्सानी: | | | | | | | | | | |
| २०७७ श्रावण १ गतेको मौज्दात | - | - | ५८४,६०५,४९२ | ३,३९४,८९९ | ८०,६५४,५८२ | १४५,१५१,२७४ | १९,८८६,८०३ | ११५,४१८ | १,०८०,८५९,२३२ | १,९१४,६६७,७०० |
| यस वर्षको ह्रास खर्च | - | - | ३५,५५५,९९३ | १,२१७,५४५ | १२,८९१,००१ | ११,३६२,९८१ | ३,३६८,४४९ | ९,९९९ | ४,८२०,०५५ | ६९,२२६,०२३ |
| निसर्ग/अपलेखन | - | - | - | - | - | (१२१,४३३,४४४) | - | (१०५,०००) | (१,०६५,१४९,११४) | (१,१८६,६८७,५५८) |
| २०७८ आषाढ ३१ गतेको मौज्दात | - | - | ६२०,१६१,४८५ | ४,६१२,४४४ | ९३,५४५,५८३ | ३५,०८०,८११ | २३,२५५,२५२ | २०,४१७ | २०,५३०,१७३ | ७९७,२०६,१६५ |
| | | | | | | | | | | |
| खुद बांकी मुल्य | | | | | | | | | | |
| २०७८ आषाढ ३१ गतेको मौज्दात | २८०,१८९,०२५ | ८३,७९९,४८१ | १,३१९,६५०,५९७ | २,१५८,३८७ | २४,०९६,७१० | २१,३७७,१८८ | २,७९७,९४३ | ९,५८३ | ४,८३५,५८५ | १,७३८,९१४,४९९ |
| २०७७ आषाढ ३१ गतेको मौज्दात | २८०,१८९,०२५ | ४९,०९८,२८८ | १,३५३,४४५,४५७ | ३,२३७,४३६ | ३६,१४०,५६३ | ३२,३९६,३६४ | ६,१६६,३९२ | १९,५८२ | ९,६५५,६४० | १,७७०,३४८,७४७ |

# आ.व. २०७७/०७८ सालको वार्षिक हिसाबसँग सम्बन्धित टिप्पणीहरु

**टिप्पणी-५**

## जिन्सी मौज्दात

(रकम रुपैयांमा)

| विवरण | २०७८ आषाढ ३१ (१५ जुलाई २०२१) | २०७७ आषाढ ३१ (१५ जुलाई २०२०) |
|---|---|---|
| खाद्य तथा पेय पदार्थ | ३,९०२,४४६ | ५,६०६,२२९ |
| सञ्चालन सामग्री | १,९६६,६६१ | ६,१६५,८०२ |
| ईन्जिनियरिङ्ग सामग्री | ५,१२७,५३० | २,८३३,०९८ |
| **जम्मा** | **१०,९९६,६३७** | **१४,६०५,१२९** |

**टिप्पणी-६**

## व्यापारिक तथा अन्य प्राप्य रकम

(रकम रुपैयांमा)

| विवरण | २०७८ आषाढ ३१ (१५ जुलाई २०२१) | २०७७ आषाढ ३१ (१५ जुलाई २०२०) |
|---|---|---|
| **वित्तिय** | | |
| आसामीहरु | १९,३९८,६६४ | २९,१९०,७४३ |
| न्यून: शंकास्पद आसामीहरुको लागि प्रावधान | ४,४०६,५३० | ४,८४८,४७६ |
| | **१४,९९२,१३४** | **२४,३४२,२६७** |
| अन्य आसामीहरु | ९७,२०५,३४५ | १००,२१५,४८० |
| न्यून: शंकास्पद अन्य आसामीहरुको लागि प्रावधान | ८५,६८३,४८३ | ८५,६८३,४८३ |
| | **११,५२१,८६२** | **१४,५३१,९९७** |
| प्राप्तियोग्य पेश्की | २०,१०६,६९७ | २१,३४७,८४३ |
| मु.अ.क. पाउनूपर्ने | ६,३१५,६७५ | ६,२२३,४५३ |
| | **५२,९३६,३६८** | **६६,४४५,५६०** |
| **गैर वित्तिय** | | |
| आपूर्तिकर्ता तथा अन्यलाई पेश्की | ८,४३८,४०६ | २२,७४४,८६६ |
| | **८,४३८,४०६** | **२२,७४४,८६६** |

**टिप्पणी-७**

## नगद तथा बैंक मौज्दात

(रकम रुपैयांमा)

| विवरण | २०७८ आषाढ ३१ (१५ जुलाई २०२१) | २०७७ आषाढ ३१ (१५ जुलाई २०२०) |
|---|---|---|
| बैंकमा रहेको नगद | ५६,७२५,९१० | ७३,५६५,५१८ |
| नगद मौज्दात | ७४७,२२४ | ५९२,५४९ |
| मुद्धती बचत (९० दिन भित्र परिपक्वता हुने) | २७०,७००,००० | ३५१,३००,००० |
| **जम्मा** | **३२८,१७३,१३४** | **४२५,४५८,०६७** |

# आ.व. २०७७/०७८ सालको वार्षिक हिसाबसँग सम्बन्धित टिप्पणीहरु

टिप्पणी-८

## पेश्की तथा धरौटी

(रकम रुपैयांमा)

| विवरण | २०७८ आषाढ ३१ (१५ जुलाई २०२१) | २०७७ आषाढ ३१ (१५ जुलाई २०२०) |
|---|---|---|
| अग्रिम आयकर | ३३,८००,०१७ | ५६,६१४,११६ |
| आयकर व्यवस्था | | ४१,३८६,१२८ |
| टि.डि.एस प्राप्य | २,३०१,४७३ | |
| **आयकर व्यवस्था/खूद पाउनूपर्ने** | **३६,१०१,४९०** | **१५,२२७,९८८** |
| **सुरक्षण धरौटी** | | |
| पोष्ट बक्स धरौटी | १,००० | १,००० |
| नेपाल टेलिकम | ३८१,२२४ | ३८१,२२४ |
| धरौटी (अपरेशन) | १,११९,५०० | १,११९,५०० |
| **जम्मा** | **३७,६०३,२१४** | **१६,७२९,७१२** |

टिप्पणी-९

## वैधानीक निकायमा रहेको धरौटी

(रकम रुपैयांमा)

| विवरण | २०७८ आषाढ ३१ (१५ जुलाई २०२१) | २०७७ आषाढ ३१ (१५ जुलाई २०२०) |
|---|---|---|
| **आयकर धरौटी** | | |
| ठूला करदाताको नाममा कर धरौटी (आ.व. २०६७।६८) | १,८८८,००० | १,८८८,००० |
| ठूला करदाताको नाममा कर धरौटी (आ.व. २०६८।६९) | १,७४६,००० | १,७४६,००० |
| ठूला करदाताको नाममा कर धरौटी (आ.व. २०६९।७०) | ५३,६८०,००० | ५३,६८०,००० |
| ठूला करदाताको नाममा कर धरौटी (आ.व. २०७०।७१) | ५८,८००,००० | ५८,८००,००० |
| ठूला करदाताको नाममा कर धरौटी (आ.व. २०७२।७३) | १४,८००,००० | |
| **जम्मा** | **१३०,९१४,०००** | **११६,११४,०००** |

# आ.व. २०७७/०७८ सालको वार्षिक हिसाबसँग सम्बन्धित टिप्पणीहरु

**टिप्पणी-१०**

## शेयर पुँजी

(रकम रुपैयांमा)

| विवरण | २०७८ आषाढ ३१ (१५ जुलाई २०२१) | २०७७ आषाढ ३१ (१५ जुलाई २०२०) |
|---|---|---|
| **अधिकृत शेयर पूंजी**<br>(रु. १०० दरको ४ करोड थान साधारण शेयर)<br>(रु. १०० दरको १ करोड थान अग्राधिकार शेयर) | ५,०००,०००,००० | ५,०००,०००,००० |
| **जारी शेयर पूंजी**<br>(रु. १०० दरको २.५ करोड थान साधारण शेयर) | २,५००,०००,००० | २,५००,०००,००० |
| **चुक्ता शेयर पूंजी**<br>(रु. १०० दरको १,८८,६६,५४० थान साधारण शेयर) | १,८८६,६५४,००० | १,८८६,६५४,००० |
| **जम्मा** | **१,८८६,६५४,०००** | **१,८८६,६५४,०००** |

**टिप्पणी-११**

## दिर्घकालीन कर्मचारी सुविधाहरु

(रकम रुपैयांमा)

| विवरण | २०७८ आषाढ ३१ (१५ जुलाई २०२१) | २०७७ आषाढ ३१ (१५ जुलाई २०२०) |
|---|---|---|
| उपदान | ७३,१०५,१४१ | ८७,६३९,००४ |
| सञ्चित विदा | ७३१,५७१ | ५,१४७,६९२ |
| **जम्मा** | **७३,८३६,७१२** | **९२,७८६,६९६** |

# आ.व. २०७७/०७८ सालको वार्षिक हिसाबसँग सम्बन्धित टिप्पणीहरू

टिप्पणी-१२

## अन्य गैह्र चालु दायित्वहरू

(रकम रुपैयांमा)

| विवरण | २०७८ आषाढ ३१ (१५ जुलाई २०२१) | २०७७ आषाढ ३१ (१५ जुलाई २०२०) |
|---|---|---|
| श्रमिक कोष | २०,०००,००० | २०,०००,००० |
| **जम्मा** | **२०,०००,०००** | **२०,०००,०००** |

टिप्पणी-१३

## परसारिएको कर (खुद)

(रकम रुपैयांमा)

| विवरण | २०७८ आषाढ ३१ (१५ जुलाई २०२१) | २०७७ आषाढ ३१ (१५ जुलाई २०२०) |
|---|---|---|
| परसारिएको कर दायित्व | ६२,४८१,१६८ | ५९,३८४,८०० |
| **जम्मा** | **६२,४८१,१६८** | **५९,३८४,८००** |

टिप्पणी-१४

## व्यापारिक तथा अन्य तिर्नुपर्ने

(रकम रुपैयांमा)

| विवरण | २०७८ आषाढ ३१ (१५ जुलाई २०२१) | २०७७ आषाढ ३१ (१५ जुलाई २०२०) |
|---|---|---|
| ऋणमा तिर्नुपर्ने व्याज | १५,२५९,८५६ | १५,४०६,२८७ |
| रिटेन्सन मनी (Retention Money) | ७,१७२,६६४ | ८,३७६,७२१ |
| विविध साहूहरु | ३१०,६९३,८१६ | ४१७,०५६,४७५ |
| भुक्तान योग्य श्रोतमा कर कट्टि | १,८८५,९१२ | ९,२७३,७६४ |
| भूक्तान योग्य सेवा शूल्क | ४९५,१८५ | ९२,७३६ |
| सुरक्षण धरौटी | ४,५४७,८१४ | ३,८२६,४६३ |
| भूक्तान योग्य खर्च | २४२,००० | १२०,३६३ |
| भूक्तान योग्य लेखापरीक्षण शुल्क | १९७,००० | १९७,००० |
| तिर्नुपर्ने लाभांश | ३०७,४८२,२९३ | २४४,९५५,१७१ |
| **जम्मा** | **६४७,९७६,५४०** | **६९९,३०४,९८०** |

# आ.व. २०७७/०७८ सालको वार्षिक हिसाबसँग सम्बन्धित टिप्पणीहरु

**टिप्पणी-१५**

## अल्पकालिन अवस्थाहरु

(रकम रुपैयांमा)

| विवरण | २०७८ आषाढ ३१ (१५ जुलाई २०२१) | २०७७ आषाढ ३१ (१५ जुलाई २०२०) |
|---|---|---|
| अल्पकालिन कर्मचारी सुविधाहरु | २२,२१५,२४७ | ४४,२३४,५७० |
| अन्य व्यवस्थाहरु | ४१,९३०,२४० | ३३,५८८,५७२ |
| **जम्मा** | **६४,१४५,४८७** | **७७,८२३,१४२** |

**टिप्पणी-१६**

## सञ्चालनबाट आम्दानी

(रकम रुपैयांमा)

| विवरण | २०७८ आषाढ ३१ (१५ जुलाई २०२१) | २०७७ आषाढ ३१ (१५ जुलाई २०२०) |
|---|---|---|
| कोठा विक्री | ४६,८७१,१९१ | ४४४,२७६,११६ |
| खाद्य तथा पेय पदार्थ | ८३,२४७,०६१ | ३७७,१४१,६९१ |
| अन्य सन्चालन विभागहरु | ७,०४६,२२८ | ३१,२७३,२८१ |
| **जम्मा** | **१३७,१६४,४८०** | **८५२,६९१,०८८** |

**टिप्पणी-१७**

## अन्य आम्दानी

(रकम रुपैयांमा)

| विवरण | २०७८ आषाढ ३१ (१५ जुलाई २०२१) | २०७७ आषाढ ३१ (१५ जुलाई २०२०) |
|---|---|---|
| ब्याज आम्दानी | ९०,८३८,५८३ | १२१,०३९,१०३ |
| भाडा आम्दानी | ३९,१०८,२३३ | ४१,७९४,६८२ |
| विविध आम्दानी | ३,४७५,८९६ | १०,७०६,७९३ |
| कमन एरिया मेन्टीनेन्स आम्दानी | ८९६,४३० | ४१८,४६२ |
| **जम्मा** | **१३४,३१९,१४२** | **१७३,९५९,०४०** |

# आ.व. २०७७/०७८ सालको वार्षिक हिसाबसँग सम्बन्धित टिप्पणीहरू

**टिप्पणी-१८**

## संचालन खर्च

(रकम रुपैयांमा)

| विवरण | २०७८ आषाढ ३१ (१५ जुलाई २०२१) | २०७७ आषाढ ३१ (१५ जुलाई २०२०) |
|---|---|---|
| कोठा विभाग | ६,११७,६६६ | ४५,२६९,७९० |
| खाद्य तथा पेय पदार्थको विभाग | २४,६४५,९९८ | १२३,५०२,३८३ |
| अन्य विभाग | ४७,८३८,२७८ | १६२,६३४,६७२ |
| **जम्मा** | **७८,६०१,९४२** | **३३१,४०६,८४५** |

**टिप्पणी-१९**

## कर्मचारी खर्च

(रकम रुपैयांमा)

| विवरण | २०७८ आषाढ ३१ (१५ जुलाई २०२१) | २०७७ आषाढ ३१ (१५ जुलाई २०२०) |
|---|---|---|
| **कर्मचारी खर्च** | | |
| तलब, ज्याला र भत्ता | ८९,४९१,४९४ | १८४,९१५,८०९ |
| संचय कोष/सामाजिक सुरक्षा कोष | ७,७३९,०७२ | ८,६६३,८८४ |
| उपदान | २,२६८,७४७ | १२,३३६,०९६ |
| कर्मचारी बोनस व्यवस्था | | १८,३६२,०४७ |
| **कर्मचारी अन्य सुविधा** | | |
| कर्मचारी खाना | २,१४८,०१८ | २०,५०७,९१४ |
| कर्मचारी यातायात | | ३,१३५,५७० |
| औषधी उपचार खर्च | १,३४६,६७० | ५,४७०,७१० |
| अन्य सुविधा | ३३६,१८३ | ६,२००,७६२ |
| तालिम खर्च | १८३,८६० | ३,७२५,४९४ |
| **जम्मा** | **१०३,५१४,०४४** | **२६३,३१८,२८६** |

# आ.व. २०७७/०७८ सालको वार्षिक हिसाबसँग सम्बन्धित टिप्पणीहरू

**टिप्पणी-२०**

## प्रशासनिक खर्चहरू

(रकम रुपैयांमा)

| विवरण | २०७८ आषाढ ३१ (१५ जुलाई २०२१) | २०७७ आषाढ ३१ (१५ जुलाई २०२०) |
|---|---|---|
| वार्षिक साधारण सभा | ४५७,३५८ | ८०१,३२४ |
| लेखापरीक्षण शुल्क | २००,००० | २००,००० |
| बैठक भत्ता | ६८३,५५२ | ५१७,६४७ |
| सञ्चार खर्च | १२६,२९० | २९५,२७८ |
| सरकारी शुल्क तथा नविकरण | २,०६०,५११ | ३,३३९,२९४ |
| बीमा | २,१९८,२१४ | २,४५०,२९३ |
| सुचना प्रणाली खर्च | १७,६८१,५०४ | १८,३७८,३०० |
| पट्टा बहाल | ३,९९६,००० | ३,८४८,००० |
| कानुनी तथा परामर्श | २,३७१,८९६ | ५,२२४,९६३ |
| अन्य खर्च | ४५९,६१६ | ८१५,६७७ |
| छपाई तथा मसलन्द | १७७,५२४ | ७७८,११८ |
| भाडा खर्च | १,६२३,३३३ | ९९६,६६७ |
| सुरक्षा खर्च | ५,६४०,४८४ | ११,२०४,२१५ |
| सदस्यता शुल्क | २३१,५४९ | २८१,०३२ |
| परिवहन खर्च | १४४,०६६ | १,०७९,०३८ |
| शंकास्पद आसामी व्यवस्था | | २,६०४,८०९ |
| सवारी संचालन खर्च | १६२,३५१ | ३११,२६३ |
| संस्थागत सामाजिक उत्तरदायित्व खर्च | | १,६९३,४६४ |
| **जम्मा** | **३८,२१४,२४८** | **५४,८१९,४६२** |

# आ.व. २०७७/०७८ सालको वार्षिक हिसाबसँग सम्बन्धित टिप्पणीहरु

**टिप्पणी-२१**

## विक्रि तथा प्रवर्द्धन खर्च

(रकम रुपैयांमा)

| विवरण | २०७८ आषाढ ३१ (१५ जुलाई २०२१) | २०७७ आषाढ ३१ (१५ जुलाई २०२०) |
|---|---|---|
| विज्ञापन तथा प्रकाशन | १,९०९,६९० | १०,८२५,८५८ |
| व्यापार प्रवर्द्धन खर्च | ६०,००० | २३१,५०० |
| भ्रमण खर्च | ३५४,३९९ | ३,७८३,६०१ |
| व्यापारिक प्रदर्शनी | | २६१,७०८ |
| लोयल्टी प्रोग्राम खर्च | १,०३२,१२८ | ८,६२१,६८६ |
| फेन्चाइज तथा एफिलियशन शुल्क | ८,३७६,७५४ | २०,१४२,३०५ |
| **जम्मा** | **११,७३२,९७१** | **४३,८६६,६५८** |

**टिप्पणी-२२**

## वित्तिय खर्च/आम्दानी

(रकम रुपैयांमा)

| विवरण | २०७८ आषाढ ३१ (१५ जुलाई २०२१) | २०७७ आषाढ ३१ (१५ जुलाई २०२०) |
|---|---|---|
| विदेशी विनिमय (नाफा)/नोक्सान | ४८४,३५७ | १,९८५,४५० |
| बैंक शुल्क तथा कमिशन | १,६८५,७०६ | १०,१३०,३१७ |
| **जम्मा** | **२,१७०,०६३** | **१२,११५,७६७** |

# नोट

## नोट



THE LIVING ROOM



THE ROX BAR



THE LOUNGE



THE HIGHEST TAXPAYER AMONG TOURISM SECTOR FY- 2075/076



THE PRESIDENTIAL SUITE



THE REGENCY BALL ROOM